# कुमार भन्ते

## संक्षिप्त चिनारी



- कोण्डन्य

Downloaded from http://dhamma.digital

संक्षिप्त चिनारी

# कुमार भन्ते

(नेपालका एकमात्र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको संक्षिप्त जीवनीसम्बन्धी लेखसंग्रह)


लेखन तथा सम्पादन

**कोण्डन्य**


आचार्य भिक्षु कुमार काश्यप महास्थविर ८४ औं जन्मोत्सव समारोह समिति, २०६७ का लागि प्रकाशित


प्रकाशक

**आचार्य भिक्षु कुमार काश्यप महास्थविर धार्मिक कोष**

बुद्ध विहार भृकुटीमण्डप, काठमाडौं-३१

फोन : ४२२६७०२



Downloaded from http://dhamma.digital

आचार्य भिक्षु कुमार काश्यप महास्थविर ८४ औं
जन्मोत्सव समारोह समिति, २०६७ का लागि प्रकाशित कृति

समारोह समितिका पदाधिकारीहरू :

| | |
|---|---|
| अध्यक्ष | भिक्षु मैत्री महास्थविर |
| उपाध्यक्ष | भिक्षु धर्ममूर्ति महास्थविर |
| सचिव | भिक्षु कोण्डन्य |
| कोषाध्यक्ष | भिक्षु पियदस्सी |
| सहकोषाध्यक्ष | जुजुभाई तुलाधर |

कार्यकारिणी सदस्यहरू : भिक्षु प्रज्ञारत्न, भिक्षु शरणंकर, प्रा. सुवर्ण शाक्य, ज्ञानकाजी शाक्य, संघरत्न शाक्य, सुरेश महर्जन

# कुमार भन्ते (संक्षिप्त चिनारी)



| | |
|---|---|
| लेखन तथा सम्पादन | : कोण्डन्य |
| प्रकाशक | : आचार्य भिक्षु कुमार काश्यप महास्थविर धार्मिक कोष, बुद्धविहार, भृकुटीमण्डप, काठमाडौं-३१, फोनः ४२२६७०२ |
| संस्करण | : प्रथम, बु. सं. २५५४, श्रावण १८, वि. सं. २०६७ |
| प्रकाशित प्रति | : एक हजार एक सय |
| आवरण | : कवि सायमि, विनोद महर्जन |
| मुद्रण | : आइडियल प्रिन्टिङ्ग प्रेस, ललितपुर, फोनः २१२०२३५ |
| मूल्य | : धर्मदान |
| पुस्तक प्राप्ति | : आनन्दकुटी विहार र बुद्ध विहार । फोनः ४२७१४२०, ४२२६७०२ |


**Kumar Bhante**

(A short Autobiography of Bhikkhu Kumara Kassapo)

Downloaded from http://dhamma.digital

# मैत्रीपूर्ण समर्पण !



बुद्धजन्म-भूमि नेपालमा पुनर्जागरित थेरवाद-बुद्धशासन (बुद्धधर्म) को
संघर्षमय राणाशासन कालमा हुकुमी-शासनमुताविक स्वदेशबाट
वि.सं. २००१ मा निर्वासित ८ जना भिक्षु/श्रामणेरहरूमध्ये
एकैजना जीवित ऐतिहासिक व्यक्तित्व, जसले सम्पूर्ण जीवन
बुद्धशासनिक धार्मिक यात्रामै निरन्तर अगाडि बढी
आज ८४ औं बसन्तमा पाइला टेक्न सफल हुनुभएको छ,
उहाँ नेपालका एकमात्र त्रिपिटकाचार्य पूज्य गुरुवर
**भिक्षु कुमार काश्यप महास्थविरमा**
**मैत्रीपूर्ण समर्पण** !

✍ कोण्डन्य

बुद्ध विहार, भृकुटीमण्डप, काठमाडौं-३१

Downloaded from http://dhamma.digital

# कुमार भन्ते र यस प्रकाशन बारे

बुद्ध-भूमि नेपालमा स्थविरवाद बुद्धशासनको पुनर्जागरण कालको इतिहास आज नेपाली जनमानसका अलावा बौद्ध-जगतसामू नै आफ्नो प्रभाव संचार गर्दै बामे सरिरहेको छ । नेपालमा राणाशासनको अन्त्यतासँगै प्रजातन्त्रको गोधुली अवस्थामा फल्न-फुल्न उर्वराभूमिमा पाइला टेक्दै अगाडि बढ्ने क्रममा बुद्धधर्म, बौद्ध-दर्शन र सभ्यता एवं भाषा-साहित्यलाई समेट्ने अभिप्रायले जुन तवरले सुनौलो अध्याय थप्न अगाडि बढेका थिए, आज ती संघर्षका दिनहरू इतिहासमा परिणत हुँदैछ । नेपालमा पुनर्जागरित स्थविरवाद बुद्धशासनको सवालमा दिवंगत श्रद्धेय भिक्षुहरू महाप्रज्ञा, प्रज्ञानन्द, धर्मालोक तथा अमृतानन्द जस्ताको व्यक्तित्व, कृतित्व एवं योगदान अग्रपंक्तिमै रहिरहने कुरालाई स्मरण गर्नै पर्छ । पहिलो पुस्ताका अग्रगण्य व्यक्तित्ववान भिक्षुहरूको अथक प्रयासपश्चात् त्यसताका नेपाली बौद्धहरूका बीच प्रव्रजित भिक्षु/श्रामणेर भई बुद्धशासनमा समर्पित बनी अगाडि बढ्ने जुन साहसिक कदमहरू देखिए, त्यसले पुनर्जागरण इतिहासलाई उर्जा थप्दै जाने कार्य गरेको थियो भन्दा कसैलाई अपाच्य हुनुपर्ने छैन ।

स्थविरवाद बुद्धशासनमा दोश्रो पुस्ताको अभिभार वहन गर्ने सशक्त व्यक्तित्ववान भिक्षुहरू मध्ये श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरको व्यक्तित्व, कृतित्व तथा योगदान आज आफैमा यौटा कथा बनेको छ, स्वयं जीवित इतिहास बनेको छ । उहाँले सानो उमेरमै गृहस्थ जीवन त्यागेर बुद्धशासनिक क्षेत्रमा प्रव्रजित भई जीवन व्यतित गर्नुभएको घडीलाई फर्केर हेर्दा ७

Downloaded from http://dhamma.digital

दशकको बसन्त पार भैसकेको छ । जतिबेला प्रकाशन स्वतन्त्रता, वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, राजनैतिक स्वतन्त्रतामा ताला लगाइएको थियो, त्यतिबेलै उहाँले धर्म, समाज र भाषा-साहित्यका लागि जुन साहसिक यात्रा थालनी गर्नुभयो, त्यसलाई आज हामी धार्मिक गर्वसाथ स्मरण गरिरहेका छौं ।

वि.सं. १९८३ मा तानसेन-पाल्पामा जन्मेका आचार्य भिक्षु कुमार काश्यप महास्थविरले श्रीलंकामा बुद्धधर्मको अध्ययन गरी झण्डै पाँच दशकदेखि धार्मिक, सामाजिक, शैक्षिक, भाषिक एवं साहित्यक आदि क्षेत्रहरूमा निरन्तर रूपमा आफ्नो जीवनलाई समर्पित गर्दै आउनु आफैमा धार्मिक गर्वको विषय भएको छ । संघ महानायक भिक्षु प्रज्ञानन्द महास्थविरका शिष्य आचार्य भिक्षु कुमार काश्यप महास्थविरको जीवनी पक्ष वस्तुतः सफलताकै रूपमा भोलिको इतिहासमा कोरिने सुनिश्चित छ । आचार्य भिक्षु कुमार काश्यप २००१ श्रावण १५ का दिन श्री ३ जुद्ध शम्शेरद्वारा नयाँ धर्म-प्रचार गर्न नपाइने भनी आठजना भिक्षु/श्रामणेरहरूलाई हुकुमी आदेशबाट देश निकालामा पर्नु हुनेमध्ये एक ऐतिहासिक श्राभणेर कुमार, श्रीलंकाबाट त्रिपिटक उपाधि प्राप्त गर्नुहुने हासम्म एक मात्र नेपाली भिक्षु, सहनशील-करूणाका धनी आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित, रचित, अनुवादित बुद्धकालीन ग्रन्थमालामा अहं भूमिका निभाउने व्यक्तित्व, पालि गाथालाई आकर्षण लयमा वाचन गर्ने एवं कुशल प्रवचकको रूपमा चिनुनु हुन्छ ।

श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरको बुद्धशासनिक योगदानलाई कदर गरी म्यानमार सरकारबाट "अग्गमहासद्धम्मजोतिकधज" उपाधिद्वारा विभूषित गरिएको थियो । श्रीलंकाबाट त्रिपिटकाचार्य उपाधि तथा विद्यालंकार पद्मभूषण, भारतबाट "महासद्धम्म परियत्ति प्रदीप" बाट विभूषित आचार्य भिक्षु कुमार काश्यप महास्थविर हाल आनन्दकुटी विहारमा विपश्यना ध्यानभावनाको अभ्यासमा निरन्तर लागिरहेका छन् ।

Downloaded from http://dhamma.digital

नेपालको बुद्धशासनिक क्षेत्रमा आजीवन समर्पित श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविर २०६७ श्रावण १९ गतेदेखि ८४ वर्षमा टेक्नुभएको छ । उहाँ महास्थविर भन्तेको शासनिक योगदानलाई सश्रद्धा स्मरण गरी आज आचार्य भिक्षु कुमार काश्यप महास्थविर ८४ औं जन्मोत्सव समारोह समिति, २०६७ गठन गरी साप्ताहिक धार्मिक सामाजिक कार्यक्रमसहित पूज्य भिक्षु संघबाट महापरित्राणको आयोजना हुनु सुखद् कुरा हो भने त्यसका लागि आज उहाँ भन्तेकै जीवनी चिनारी पुस्तक प्रकाशन हुनु धर्मगौरवको विषय हो ।

आनन्द कुटी विहारका प्रमुख, आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोषका संस्थापक संरक्षक, अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष पूज्य गुरूवर आचार्य भिक्षु कुमार काश्यप महास्थविरलाई मैत्रीपूर्ण शुभकामना व्यक्त गर्दै यस कृति उहाँलाई मैत्रीपूर्ण समर्पण गरेको छु ।

अन्तमा धार्मिक सद्भावसहित प्रकाशित प्रस्तुत कृति प्रकाशन गर्न पाउनु आचार्य भिक्षु कुमार काश्यप महास्थविर धार्मिक कोषका लागि अतीव धर्मगौरवको विषय भएको व्यहोरा अवगत गर्न पाउँदा मलाई धर्मप्रीतिको अनुभूति भइरहेको छ । समयमै पुस्तक प्रकाशन गरिदिने आइडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को परिवारलाई शुभकामना छ ।

कोण्डन्य
अध्यक्ष
आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोष
बुद्ध विहार, भृकुटीमण्डप, काठमाडौं-३१
ravikunnu@hotmail.com

वि.सं. २०६७/४/१७

Downloaded from http://dhamma.digital

# विषय-सूची


१. आचार्य भिक्षु कुमार काश्यप महास्थविर संक्षिप्त चिनारी - कोण्डन्य — १

२. म र भिक्षु कुमार काश्यप दुबै ८४ औ वर्षमा प्रवेश — २९
- संघउपनायक भिक्षु अश्वघोष महास्थविर

२. मेरो दृष्टिमा कुमार भन्ते — ३४
- ज्ञानकाजी शाक्य, तानसेन, पाल्पा

३. पाल्पाको बौद्ध गतिविधिमा भिक्षु कुमार काश्यपको देन — ४१
- छत्रराज शाक्य, तानसेन

४. हामी दुबैजना नङ र मासुजस्तै मिलेका साथी हौं — ५०
- भिक्षु अश्वघोष महास्थविर

५. Kumara Bhante - a Symbol of Living Buddhism — ५७
*- Prof. Dr. Ganesh B. Mali*

६. दशपारमिता — ६६
- भिक्षु कुमार काश्यप महास्थविर


Downloaded from http://dhamma.digital



बसिरहेका मध्ये दोस्रो श्रामणेर कुमार, ऐतिहासिक फोटो, बि.सं. २००६

# आचार्य भिक्षु कुमार काश्यप महास्थविर

- कोण्डन्य

**पृष्ठभूमिः**

बुद्धजन्मभूमि राष्ट्र नेपालमा बुद्ध, बुद्धधर्म तथा बौद्ध संस्कृतिलगायत बुद्ध-दर्शनको प्रभाव निरन्तर कायम रहिआएको छ । बुद्धको जीवमान समयमै नेपालमा बुद्धधर्मको प्रचारप्रसार हुनेगर्थ्यो भन्ने "मूल सर्वास्तिवाद विनयसूत्र"मा उल्लेख्य भएबाट स्पष्ट हुन्छ । यसरी नै लिच्छवीकालमा बुद्धधर्मको राम्रो जग बसिसकेको थियो भने मध्यकालीन समयमा यसले राजकीय धर्मको रूप धारण गरेको इतिहास पनि नभएको होइन । शाहकालमा द्वैध शासनका रूपमा देखा परेको राणाकालीन शासनव्यवस्था ढाल्न राजनैतिक, सामाजिक, वैचारिक, धार्मिक, भाषिक-साहित्यिक क्षेत्र समेत निरन्तर लागिपरेको ती विगतका घटनाक्रम आज इतिहासमा परिणत भइसकेको छ ।



Downloaded from http://dhamma.digital

बि.सं. १९८२, राणा प्रधानमन्त्री चन्द्र शम्शेरको शासनव्यवस्थाको समय, खाम देश तिब्बतबाट नेपालमा बुद्धधर्म प्रचार गर्ने अभिप्रायले आउनुभएका जटाधारी लामा गुरू छेरिन्नोर्बु तथा उहाँ गुरूसँग प्रभावित भएका पल्धेन श्यरब-महाप्रज्ञा (नानिकाजी ख्याः जु माय्कें), पल्धेन दाबा-महाचन्द्र (बुद्धरत्न शाक्य), पल्धेन छुल्थिङ्ग-महाज्ञान (दालचिनि साय्मि), पल्धेन चुन्दि-महावीर्य (बेखाराज शाक्यभिक्षु) व पल्धेन नोर्वु-महाक्षान्ति (ज्ञान शाक्य) लाई धर्मप्रचार गरी सर्वसाधारणलाई भड्काएको आरोप-आक्षेप लगाई देश निकाला गरियो । यसपछि जतिबेला महाप्रज्ञाले कुशिनगर जानुभई बि.सं. १९८५ (ई.सं. १९२८) मा उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा स्थविरवादी परम्पराअनुसार श्रामणेरदीक्षा धारण गर्नुभयो, त्यतिबेलादेखि नेपालको थेरवाद बुद्धधर्ममा पुनर्जागरणका लागि बीजारोपण कार्यको शुभारम्भ भयो ।

पुनर्जागरण इतिहासको थालनीमा धर्मादित्य धर्माचार्यको योगदान पनि उल्लेखनीय छ । नेपालको पुनर्जागरित स्थविरवाद बुद्धधर्ममा प्रव्रजित-दीक्षितका रूपमा पहिलो बौद्ध भिक्षु महाप्रज्ञाबाट इतुंबहाल-काठमाडौंका कुलमान सिं वैद्य प्रभावित भई उनलाई गुरूआचार्य मानी उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा वि.सं. १९८७ मा (सन् १९३०) स्थविरवादी शासनमा श्रामणेरदीक्षा प्राप्त गर्नुभयो । काठमाडौं उपत्यकाबाहिर भिक्षु महाप्रज्ञाबाट पाल्पाली लालकाजि शाक्य पनि प्रभावित भएलगत्तै २ अगष्ट १९३६ ई. अमृतानन्दको नाउँले कुशिनगरमा प्रव्रज्या-दीक्षा प्राप्त गर्नुभयो । यसपछि पाल्पाली चुन्द, कुमार काश्यप, विमलानन्द र ज्ञानपूर्णिकजस्ता भिक्षुहरू पनि नेपालको बुद्धशासनिक क्षेत्रमा आजीवन रूपमै समर्पित हुनुभयो ।



Downloaded from http://dhamma.digital

**विषय प्रवेशः**

पाल्पाली भिक्षु अमृतानन्दको प्रभावले पाल्पाको बुद्धधर्ममा सकारात्मक प्रभावसँगै धार्मिक परिवर्तनमा नयाँ आयाम थपियो । भिक्षु प्रज्ञानन्द (कर्मशील) तथा श्रामणेर सुमंगल (अन्धो) को धार्मिक प्रवचनले विशेषतः पाल्पाली शाक्य-वज्राचार्यहरूमा प्रभावकारी छाप पऱ्यो । यसपछि पाल्पामा धार्मिक प्रवचन, बुद्धपूजा तथा ज्ञानमाला भजन गायन क्षेत्रमा जागरण देखियो । पाल्पामा थेरवाद बुद्धधर्मको बीजारोपणजस्तो धार्मिक कार्यले वर्तमान त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरलाई हामीसामू उभ्याउनेजस्तो बुद्धशासनिक योगदान कार्य हुनसक्यो, उहाँ भन्ते जसले विगत ७ दशकदेखि बुद्धधर्म तथा नेपाल भाषाको लागि निरन्तर योगदान गरिरहनुभएको छ, आज उहाँ महास्थविर भन्तेको ८४ औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा आचार्य भिक्षु कुमार काश्यप महास्थविर ८४ औं जन्मोत्वस समारोह समिति, २०६७ द्वारा सप्ताहव्यापी विविध धार्मिक तथा सामाजिक कार्यक्रमको आयोजना हुनु सम्बद्ध सबैका लागि धर्मगौरवयुक्त सुखकर विषय भएको छ । यसै पावन उपलक्ष्यमा आचार्य भिक्षु कुमार काश्यप महास्थविर धार्मिक कोषबाट पूजनीय नेपालका एक मात्र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको संक्षिप्त जीवनीको झझल्को अनुभूति गराउनसक्ने कुमार भन्ते संक्षिप्त चिनारी पुस्तक प्रकाशित हुनु पनि धार्मिक गौरवकै विषय हुन् । यसउसले उहाँ पूजनीय कुमार भन्तेको संक्षिप्त जीवनी पक्षलाई उल्लेख गर्नु प्रासाङ्गिक होला ।


**भिक्षु कुमार काश्यपको जन्म र श्रामणेर-प्रव्रजितदीक्षा :**

तानसेनका सनतमान शाक्य र तेजलक्ष्मी शाक्य (वज्राचार्य) को कोखबाट वि.सं. १८८३ श्रावण १८ का दिन जन्मिएका अष्टमान शाक्यको वाल्यकाल सुखद् हुन सकेन । बालक अष्टमानले पितालाई



Downloaded from http://dhamma.digital

राम्ररी चिनेकै थिएन, झाडाबान्ता रोगकै कारण मृत्यु भयो । एक्लो छोरो भएर पनि टुहुरो भयो अष्टमान, आमा तेजलक्ष्मीलाई आर्थिकभारले सताउँछ, माइतीको शरणमा पर्नु बाध्यता भयो । बाजे गृहमान, मामा पद्ममानहरूको सद्भावका कारण अष्टमानको बाल्यकाल मामाघरमैं (भिमसेन टोल) भरणपोषण भयो । १० वर्ष जतिको उमेरमा पुग्दा अष्टमानलाई पाटनमा ब्रतबन्ध गर्न (बरे छुइगु) ल्याइयो । त्यतिबेला हनुमान ढोकामा रामलक्ष्मणको मूर्ति देख्दा यति धेरै आश्चर्य लागेको बालकलाई दरवार परिसरमा पुग्दा स्वर्गीय आनन्दको अनुभूत भएको थियो । तेजलक्ष्मी उपासिका भन्तेहरूको संगतका कारण धर्म-उपदेश सुन्न जाने, प्रज्ञानन्द भन्ते र अन्धो सुमंगल श्रामणेरको उपदेश सुनी अत्यन्त प्रभावित भइन् । आफ्नो जहानको असामयिक मृत्यु भइसकेको तथा पारिवारिक समस्यारूपी पीडालाई साम्य गर्ने उद्देश्यसहित टुहुरो छोरा अष्टमानलाई धार्मिक वातावरणमा हुर्काई बर्मा देशमा धर्मको अध्ययन गराउन भनी प्रज्ञानन्द भन्तेको हातमा छोराको जिम्मेवारी हस्तान्तरण गरिदिएका थिए । अष्टमानले त्यतिबेला तीन कक्षासम्म मात्र पढ्न पाए, अंग्रेजी केही पढ्न पाएन । सम्भवतः त्यस टुहुरो बालकमा बालपन जस्ताको तस्तै थियो, १६ वर्षको भरखर कलकलाउँदो चढ्दो कुखुरे वैशकै समयमा वि. सं. १९९९ मा "सब्ब दुक्ख निस्सरण निब्बाण सच्छि करणत्थाय......" सम्पूर्ण दुःखबाट मुक्त भइ निर्वाण धर्मलाई साक्षात्कार गर्नेछु भनी कुशीनगरमा ऊ. चन्द्रमनि महास्थविरको उपाध्यायत्व तथा भिक्षु प्रज्ञानन्दको आचार्यत्व (गुरू) मा श्रामणेर-दीक्षा प्राप्त गरी श्रामणेर कुमार भए । पाल्पाली श्रामणेर चुन्द पनि





Downloaded from http://dhamma.digital

सँगै श्रामणेर दीक्षित हुनभएको कुरा धर्मदूत वर्ष ७ अंक ११, बि. सं. १९९९ मा प्रकाशित समाचारबाट स्पष्ट हुन्छ :– *"प्रव्रज्या– थ्व समाचार न्यना नेपाली बौद्ध जनपीं प्रशन्न ज्वी मालः विगत माघकृष्ण १३ ३स पाल्पा टान्सेने च्वँपीं शाक्य कुलयापीं नवयुवक कुलपुत्रपीं निम्ह कुशीनगरे बिज्या कःम्हः ऊ चन्द्रमणी महास्थविर द्वारा श्रामणेर जुया प्रव्रज्याश्रमे प्रतिस्थित जुल; गुपिनि नाँ 'चुन्द श्रामणेर' वो 'कुमार श्रामणेर' धयागु सम्मत जुल ।"*



श्रामणेर-दीक्षा प्राप्तिपछि नयाँ जीवन प्राप्त गरेका श्रामणेर कुमारलाई गुरू भिक्षु प्रज्ञानन्दले आफूसँगै काठमाडौंस्थित स्वयम्भुपरिसरको किण्डोल बहालमा बस्ने ब्यवस्था गरिदिनुभयो । त्यतिबेला भिक्षु अमृतानन्द, शाक्यानन्द, धम्मालोक भन्तेहरू त्यहिं बस्नुभएको थियो । भिक्षु प्रज्ञानन्द र अमृतानन्दको प्रवचन-प्रवाहले सर्वसाधारण जनमानस अत्यन्त प्रभावित भई आकर्षित भइरहेका थिए । श्रामणेर कुमारले शाक्यानन्द भन्तेबाट पालि अध्ययन सुरू गर्नुभयो भने अरू जेष्ठ भन्तेहरूबाट धर्मसम्बन्धी सिक्नुभयो । अहिलेजस्तो विहारमा बस्दा कुनै सुविधा थिएन, बत्ती नहुँदा टुकि बाल्नुपर्थ्यो, सानो ठाउँमा सुत्नुपर्ने हुँदा एकतलामाथि भऱ्याङ्ग चढी चारखुट्टे बनी जानुपर्थ्यो, अभै आचार्य कुमार काश्यप महास्थविरले पुरानो संस्मरण सुनाउने गर्नुहुन्छ । विहारमा भोजनको उचित व्यवस्था थिएन, ससाना श्रामणेरहरू पालो पालो गरी असन, ईन्द्रचोक



Downloaded from http://dhamma.digital

(असं-वंघः) तिर भिक्षा माग्न जानु पर्थ्यो । भिक्षाटन जानु सुलभ थिएन, न त राम्रो भिक्षाप्राप्त राम्रो हुन्थ्यो, एकसुका एक मोहर पैसा विरलै मात्र दान प्राप्त हुन्थ्यो, तीन घण्टा घुम्दा मुस्किलले दुईमाना तीनमाना चामल प्राप्त हुन्थ्यो, एक पैसा दुई पौसा गरी जम्मा गर्नु पर्थ्यो । ती पैसा समेत विहारमा सेवा गर्ने कप्पियकारकहरूलाई नै दिनु पर्थ्यो । भिक्षाटन जाँदा कसै कसैले त मनपरी जथाभावी गालीगलौज गर्थे, जिस्किने, हप्काउने, खिसि गर्नेजस्ता व्यवहार भोग्नुपर्थ्यो । चीवर-वस्त्रको अभाव, च्यातेको टाल्ने, सिउने, आजकालझैं चीवर वस्त्र भरिभराउ थिएन, दुःख नै थियो । करिब डेढवर्षभन्दा बढी श्रामणेर कुमार किण्डोलमै बस्नुभयो । श्रामणेर कुमारको आमा तेजलक्ष्मीले पनि कुशीनगर जानुभई अनागारिका मुदिताको नामले प्रव्रज्यादीक्षा धारण गर्नुभयो ।

**भिक्षु-श्रामणेरहरुलाई देशनिकाला गरेको कलंकित इतिहास :**

भिक्षु अमृतानन्द श्रीलंकाबाट भरखर भरखर नेपाल फर्किनुभएको त्यो समय, आकर्षित अनुहार, प्रभावशाली व्यक्तित्व तथा वाकसिद्धि शैलीका कारण स्वयम्भूस्थित मञ्जुश्री पर्वतमा एक महिनासम्म उपदेश गर्नुभयो, किण्डोल बहाल र हनुमानढोका दरवारस्थित न्यासल चोकमैं उपदेश गर्ने नयाँ कार्यक्रमको थालनी भयो । ग्रन्थ अगाडि राखी परम्परागत रूपले कथा र पुराण वाचन गरेको सुनिरहेकाहरू बीच ग्रन्थ नपल्टाई स्वतन्त्ररूपले वैचारिक पक्षलाई जोड दिई प्रस्तुत गर्ने धार्मिक प्रवचनका कारण सर्वसाधारण प्रभावित हुनु स्वाभाविक हो, गुलियोमा भिंगा भन्किनेजस्तै नौलो आयामिक उपदेश सुन्न थुप्रै मानिसहरूको जमघट भयो । यसो हुँदा विरोधीहरूको सिङ्ग ठाडो ठाडो भयो, विरोधीहरूमा अनेकानेक शंका उत्पन्न भयो, अनि नयाँ धर्मको प्रचारप्रसार गरियो, आडम्बर मत प्रवाह गरेको तथा शासन व्यवस्थाविरूद्ध जागरण ल्याउन पहल



Downloaded from http://dhamma.digital



महाप्रज्ञा प्रज्ञानन्द अमृतानन्द

गरेको भनी गुप्तचर-सिआइडि चारैतिर छोडियो । शाहकालभित्र एकाधिपति-एकतन्त्रीय शासन व्यवस्थालाई दाजुभाइको रोलक्रम व्यवस्थाअनुरूप शासनभार चलाइरहेको क्रममा श्री ३ महाराज जुद्ध शम्शेरको शासनाभारको समय, विरोधी तथा चम्चागिरीहरूबाट कानेखुसी गरिसकेपछि उपत्यकाभित्र बुद्धधर्म र नेपाल भाषा तथा ज्ञानमाला भजनलाई अगाडि बढाउन जुन पाइला चालिएको थियो, त्यस कदमप्रति कुठाराघात गरी ढाल्न माच्छा आउला टपक्क टिपौंला गरी बकुलाको ध्यानसरी सतर्क र सजगता अपनाई चनाखो भइ बसेकाहरू थिए ।

"विहार विहारमा बुद्धपूजा गर्न पाईंदैन, उपासकोपासिकाहरू (अनुयायी) लाई धर्मको उपदेश गर्न पाईंदैन, नेपाल भाषामा लेख्न पाईंदैन, गृहस्थीहरूलाई प्रव्रज्या-दीक्षा प्रदान गर्न पाईंदैन" भनी राणाशाही प्रशासनले भिक्षुहरूलाई निष्क्रिय गरी समाप्त पार्ने नै मनसायले दुःख दिन खोजेका थिए । जुद्धशम्शेर महाराजकै समकक्षमा उनका पुत्र बहादुर शमशेरले सोधपूछ गरिदा भिक्षु सुबोधानन्दले "हामी खान नपाएर भिक्षु भएका होइनौं । धर्मप्रचारका लागि आएका



Downloaded from http://dhamma.digital

हौं" भनी जवाफ दिए । देश निकाला गर्ने भनी हल्ला फैलिइसकेको हुन्छ, त्यसैबेला वर्षावासमा भिक्षुहरू एकै ठाउँमा बस्नुपर्ने नियम रहेको जानकारी गराउँदैबेला भिक्षु धर्मालोक सिंहमर्मरको बुद्धमूर्तिसहित नेपाल प्रवेश गरेको खबर थाहा पाएर वि. सं. २००१, श्रावण १५ (30th July, 1944) का दिन चारजना भिक्षुहरू प्रज्ञानन्द, धर्मालोक, सुबोधानन्द र प्रज्ञारश्मि, चारजना श्रामणेरहरू अग्गधम्म, रत्नज्योति, कुमार र प्रज्ञारस सबैलाई सिंहदरवारस्थित जुद्ध शमशेर महाराजसमक्ष विन्तिभाउ मुद्रामा उभ्याइए, अन्ततः आडम्बर मत चलाए भनी ८ जनालाई स्वदेशबाट निष्काशन गरियो । त्यतिबेला अनागारिकाहरूलाई वर्षावासपछि मात्र निर्वासनमा पठाउने भनी घोषणा गरियो । निर्वासनमा गएका ८ जना भिक्षु-श्रामणेरहरू मध्ये एकजनाका लागि दुईजना सिपाहीं राखी शहर घुमाई चन्द्रागिरी डाँडा कटाइ दिए । कतिपय मानिसहरू तमासा हेरिबसेका पनि थिए भने अत्यन्त दुःखित भई भावुक मुद्रामा आँखाबाट आँशु झार्नेहरू पनि थिए । त्यतिबेला उपासक कुञ्ज बहादुर रञ्जित रूँदै रूँदै चन्द्रागिरी पर्वतसम्म पुगेका थिए । यसरी नेपालको बौद्ध इतिहासमा यौटा कालो दिनको रूपमा रहेको दिन, जुन कलंकित इतिहास हामीलाई स्मरण गर्दा समेत पीडाको अनुभूति हुन्छ ।

देश निकालामा परेका सानो श्रामणेर कुमार नै त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर हुनुहुन्छ, जो आनन्द कुटी विहारका प्रमुख भिक्षु, अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष, आनन्द भूमिका प्रमुख सल्लाहकार, आचार्य भिक्षु कुमार काश्यप महास्थविर धार्मिक कोषका संस्थापक संरक्षक हुनुहुन्छ ।

**निर्वासित जीवनपछिः**

क्रूर शासकीय प्रशासनद्वारा एकजना भिक्षुश्रामणेरका लागि खटाइएका दुई दुईजना सिपाहींहरूले बफादारी निभाए, भिमफेदीबाट



Downloaded from http://dhamma.digital

फर्के । चन्द्रागिरी पर्वत, चिसापानी गढी हुँदै निष्काशित भिक्षुश्रामणेरहरूको निर्वासित अनन्त यात्रा अगाडि बढ्यो । भिक्षु प्रज्ञानन्द, श्रामणेर कुमार र प्रज्ञारस कालिम्पोङ्गतिर लागे, भिक्षुहरू धम्मालोक, सुबोधानन्द र प्रज्ञारश्मि कुशीनगरतिर लागे । यसरी नै श्रामणेर अग्गधम्म नौतनवा र श्रामणेर रत्नज्योति बंगालतिर लागे । निर्वासित जीवनपछि श्रामणेर कुमारको जीवनमा आरोह अवरोह सुरूहुन्छ । सहज ढङ्गबाट जीवन गुजारा अगाडि बढेन, व्यवहारमा साँचो दुःख भनेको कस्तो हुन्छ भन्ने बल्ल श्रामणेर कुमारले बुझे । कुमार श्रामणेर त्यतिबेला कहिले प्रज्ञाचैत्य विहार त कहिले पुस्तकालयमा बस्ने गर्थ्यो, खानपानको सम्पूर्ण अभिभार दाता भाजुरत्न कंसाकारले जिम्मा लिनुभयो । जिम्मेवारी अभिभार वहन गर्ने दाताको मन फराकिलो भएपनि भान्सेसुसारेहरूको मन संकुचित हुँदा भात थपिदिनु पर्ला भनी भात पस्केपछि अगाडि नै बस्दैनथे, पेट भर्ने गरी खान नपाउँदा राति भोक लागिहाल्थ्यो । छमहिना जति यसरी नै असहज परिस्थितिमैं जीवन गुजारा चल्यो, कहिले भोकलाग्दा कुमार श्रामणेर रूने गर्थ्यो । एकदिन भिक्षु प्रज्ञानन्द र रत्नज्योति घुमपार जानुभयो, त्यसपछि कुमार श्रामणेर एक्लै भयो । आफूले भोगिरहेको समस्या अवगत गराई सारनाथमा बसिरहनुभएका भिक्षु अमृतानन्दलाई श्रामणेर कुमारले पत्र लेख्नुभयो, सोही पत्रका कारण कुमार श्रामणेरको जीवनले नयाँ मोडसहित नयाँ गति प्राप्त गरेको मान्न सकिन्छ ।

भिक्षुश्रामणेरहरूलाई देश निकाला गरिसकेपछि २००१ कार्तिक १५ (३१ अक्टोवर, १९४४) का दिन सारनाथमा ऊ. चन्द्रमणि महास्थविरको नेतृत्व तथा भिक्षु अमृतानन्दको सचिवत्वमा "धर्मोदय सभा" स्थापना भयो । नेपाल सरकारलाई नैतिक दबाव दिई पुनः



Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई स्वदेश प्रवेश गराउने प्रयासलाई सफल पार्न प्रचारवाजी कार्यलाई समेत व्यापकता दिन भिक्षु अमृतानन्द श्रीलंकाको "बौद्ध शुभेच्छुक धर्मदूत मण्डल" (Buddhist Good Will Mission) समूहमा प्रवेश गर्नुभयो । धर्मोदय सभाको नामबाट नेपाली बौद्ध समाजको स्थापना गर्ने कार्यपछि भिक्षु अमृतानन्दले आफ्नो पक्षमा समर्थन प्राप्त गर्नका लागि बुद्ध-शिक्षाअनुरूप संचालित अल इण्डियाभित्र छरिएका बौद्ध संघसंस्था तथा थेरवाद बुद्धधर्मको प्रभाव भएका राष्ट्रका प्रभावशाली व्यक्तित्वहरूलाई 'नेपाल सरकारले कायरताढङ्गबाट देश निकाला गरेको घटना जानकारी गराउँदै सविनयपूर्वक पत्राचार गर्नुभयो । नेपाल सरकारविरूद्ध आफ्नो अभियान सफल पार्नका लागि नै भिक्षु अमृतानन्द धर्मदूत मण्डलमा प्रवेश गर्नुभएको हो ।

**श्रामणेर कुमारको सिलोन गमन :**

"तुरून्त फर्कनू" भनी भिक्षु अमृतानन्दले पत्राचार गर्नु भएपछि श्रामणेर कुमार सारनाथ पुग्नुभयो । त्यहाँ वर्षेनी पवित्र अस्थिधातु दर्शन गर्न सिलोनी उपासक उपासिकाहरूको घुइँचो लाग्थ्यो, तीर्थयात्री एक समूहलाई नेपालको गतिविधि बारे जानकारी गराइयो, भिक्षु अमृतानन्दको प्रयत्नपछि श्रामणेर कुमार तीर्थयात्रीहरूसँगै पानी जहाजबाट सिलोन-श्रीलंका प्रस्थान गर्नुभयो । सुरूमा उहाँलाई पन्तिय मातुगम भन्ने ठाउँमा राखियो, त्यहाँ पढाई राम्रो भएन, त्यसपछि प्रसिद्ध वजिराराम विहारमा जानुभयो । त्यहाँ खानपानको ब्यवस्था भएपनि पढाईमा उचित व्यवस्था भएन । त्यही प्रसिद्ध भारतीय भदन्त आनन्द कौशल्यायन महास्थविरसँग भेट भयो, "तुम यहाँ खाने के लिए आया ?" भनी सोध्नुभयो, त्यसपछि धर्माध्ययनका लागि श्रामणेर कुमार विद्यालंकार पिरिवेणमा



Downloaded from http://dhamma.digital

जानुभयो । त्यतिबेला पिरिवेण भनेको एकप्रकारको गुरूकुल शिक्षण क्षेत्र वा आजभोलिको होस्टेल पद्धत्तिअनुरूप संचालन हुने शिक्षण संस्थान हो । त्यहाँ व्यवस्थित रूपमा बुद्धधर्म, दर्शन तथा पालि-साहित्ययको अध्ययन अगाडि बढ्यो, कुमार श्रामणेर खुसी हुनुभयो ।

बेग्लै संस्कृति, बेग्लै भाषा, खानपान, रहन-सहन सबै बेग्लै ठाउँमा एक्कासी रमाउन सकिन्छ नै भन्न कहाँ सकिन्छ र? दुतीय विश्व-युद्धको प्रभाव भएको त्यो समय, सिलोनमा ब्रिटिश साम्राज्यबाट मुक्तहुन प्रयासरत त्यो संघर्षशील समय, सुखशान्ति तथा अमनचैन हुने त कुरै भएन । पढाईलाई निरन्तरता दिनु सहज थिएन, तैपनि श्रामणेर कुमारल छमहिनाभित्र सिंहली भाषाले कथा वाचन गर्न सिके । त्यतिबेला श्रामणेर अश्वघोष महामन्तिन्द पिरिवेणमा अध्ययनरत हुनुहुन्थ्यो । त्यहाँका साथीभाइ श्रामणेरहरूले श्रामणेर कुमारलाई जिस्काउने, गरीब देश-समुद्र नै नभएको देशबाट आएको भनी हेप्ने, हुलबथानमा एक्लै श्रामणेर कुमारलाई एक्कासि जवाफ फर्काउन कठिन हुन्थ्यो, परदेशमा रही उनीहरूसँग संयमित हुनु अस्वाभाविक होइन । धेरै अध्ययनार्थी भएकाले श्रामणेरहरूलाई आधिमात्र पाउरोटी बाँड्ने गरिन्थ्यो, चियामा पुग्नेगरी चिनी हुँदैनथ्यो, सखर चाट्ने अनि टुक्रा टुक्रा पारी खाने गर्थ्यो । धेरै पाठ घोक्नु पर्थ्यो, अध्ययनमा धेरै समय बिताउनु पर्थ्यो, त्यसैले राति एकदमै भोक लाग्ने, पेटमा अति नै मुसा डगुरेर हैरान हुन्थ्यो, आधि पाउरोटी पनि विहान र बेलकी गरेर किन नहोस् श्रामणेर कुमारको जीवन अगाडि बढेको थियो भने त्यतिबेला चिवाचर्चा गरी जासूसी गर्नेहरूले दण्ड दिने गर्थ्यो, कहिलेकाहिं त कोठाबाटै बाहिर निकालिदिन्थ्यो ।

पैसाका अभाव हुन्थ्यो, दाताहरूले परिष्कार सामान (पिरिकर) मात्र दान दिने प्रचलन, आवश्यकभन्दा बढी सामान



Downloaded from http://dhamma.digital

जम्मा भयो भने खुरुक्क सस्तोमा बेचिदिने, एकजना मुसलमान पसले सस्तो सस्तो भाउमा सामान किन्न आउँथ्यो । कहिले काहिं पैसा भएन भने सामान किन्ने ग्राहक कहिले आउला भनी कुमार श्रामणेर कुरेर बस्नुहुन्थ्यो । विस्तारै साथीभाइहरूसँग हेलमेल हुँदै गएपछि त्यहिंको वातावरणमा घुलमिल बढ्यो, दिन कटाउन सजिलो भयो । त्यसपछि श्रामणेर कुमारले समय समयमा प्रसिद्ध ज्ञानमाला भजन तथा नेवारी लोकप्रिय लोकगीत 'राजमति कुमति' गाना गाउँदै सबैलाई मक्ख पार्थ्यो । पढाईमा पनि जेहेन्दार विद्यार्थी भएको कारणले श्रामणेर कुमारलाई परियत्ति (दाम पाठशाला) शिक्षा अध्यापन गराउन दिलचस्पी बढ्यो ।

**सिलोनी धर्मदूतमण्डल नेपालमा (शिष्टमण्डल):**

वि.सं २००३ वैशाख ५ (१९४६ अप्रिल, १७) का दिन भिक्षु अमृतानन्दको विशेष शासनिक प्रयासमा भिक्षु नारद, भिक्षु प्रियदर्शी, नेपाली भिक्षु अमृतानन्द, प्रोफेसरद्वय रत्नसुरीय अरियपाल गरी पाँच सदस्यीय बौद्ध शिष्टमण्डल (Buddhist Goodwill Mission) कान्तिपुर आइपुगे । सो धर्मदूत मण्डलको नेतृत्व वजिराराम विहारका भिक्षु नारद स्थविरले गर्नुभएको थियो । स्मरणीय छ कि सो धर्मदूत मण्डलले धर्मप्रचारको उद्देश्य नभई तीर्थयात्रीको रूपमा नेपाल सरकारबाट प्रवेशाज्ञा पाएका थिए । धर्मदूत मण्डलले श्री ३ पद्म शमशेर जबराको दर्शनभेट हुँदा २००१ सालमा भूतपूर्व श्री ३ महाराजद्वारा हुकुम बक्स भएबमोजिम नेपाली बौद्धभिक्षुहरूलाई स्वदेशबाट निकाला गरेको कुरा स्मरण गराउँदै निर्वाशित भिक्षुश्रामणेरहरूलाई पुनः स्वदेश आगमनका लागि बाटो खोलिदिनु पर्ने बारे विशेष अनुरोध गरेपछि श्री ३ महाराजा पद्म शमशेरद्वारा



Downloaded from http://dhamma.digital

भिक्षु धम्मालोकलाई प्रवेशाज्ञाका लागि प्रमाङ्गी दिइयो अनि जेष्ठ शुक्ल ६, जून १९४६ का दिन पुनः भिक्षुहरूको स्वदेश फर्कने क्रम सुरू भयो । यसरी निष्काशित भिक्षुहरूलाई स्वदेश फर्कान सफल भएपछि नेपाल र श्रीलंकाबीचको सम्बन्धलाई अगाडि बढाउँदै लाने मार्ग प्रशष्ट भयो । बुद्धभूमि नेपालमा आफ्नो धर्मयालाई आफ्नै मातृभाषा नेपाल भाषामा प्रचारप्रसार गर्न पाउने भयो भनी आनन्दकुटी आइपुगेका भिक्षु धर्मालोकले आँखाभरी प्रीतिमय आँसु राखी- **अमृतानन्द ! तपाईंले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो** भन्ने उद्गार व्यक्त गरेका थिए । यसरी पद्म शम्शेरया पालमा निर्वासनमा गएका भिक्षुश्रामणेरहरू स्वदेशमा पुनः प्रवेश गर्न पाउने व्यवस्था भयो ।

**'धर्मदूत' को महत्वपूर्ण कदम र त्यसभित्र श्रामणेर कुमारको रचना :**

नेपालभाषा तथा बुद्धधर्मलाई स्पष्टतः थिचोमिचो गर्ने दमन कार्य ने. सं. ८८८ मा जबरजस्ति शाहकाल सत्तामा देखिएपछि नै भएको हो । मल्ल वंश पतन भइसकेपछि पं. निष्ठानन्द वज्राचार्यले ने. सं. १०२९ मा भाषान्तरण गरी "प्रज्ञापारमिता एक विंशति स्तोत्र" कृति छापा अक्षरमा प्रकाशित हुन अगावै नेपाल भाषा तथा साहित्य दमनचक्रमा परी शिथिल भइसकेको थियो । पछि धकेलिएको, छायाँमा पारिएको नेपाल भाषा तथा साहित्यको उत्थान, सम्बर्धन एवं प्रगति गर्दैजान विस्तारै जागरणरूपी बाढी आएको थियो । ने. सं. १०४५ मा धर्मादित्य धर्माचार्यले आफ्नो सम्पादनमा कलकत्ताबाट "बुद्धधर्म व नेपाल भाषा" पत्रिका प्रकाशन गरी आफ्नो मातृभाषा तथा धर्मप्रति अगाध, ममता र अनुराग भएकाहरूलाई लेखन क्षेत्रमा घचेट्ने कार्य भयो भने त्यस



Downloaded from http://dhamma.digital

अनुरागरूपी अग्नि सल्केको थियो भन्ने प्रमाण ने. सं. १०४७ मा 'नेपाल भाषा' नामले कविता लेखेका कवि योगवीर सिंह क्यान्छा लामाको प्रभावले बौद्धमार्गीहरूबीच एकता कायम गरौं भन्ने आह्वानस्वरूप 'धर्म सार' लेखी प्रकाशन गर्दा कवि तथा प्रकाशक दुबैलाई "आडम्बर मत" प्रचार गरेको आरोपमा जनही १०/१० रूपियाँ सजाँय तिराइएको थियो । यसरी नै शासकहरूको अनुमतिविना मुद्रित सामग्री प्रकाशन गर्न नपाउने भनी प्रतिबन्ध राखियो । बि. सं. १९९० मा नेपाल भाषामा लेख्ने लेखकहरूलाई दरवारमा बोलाई जुद्धशम्शेले साहित्य सिर्जना नगर्न आदेश दिए, भनेजस्तो व्यवहार भएन भनी विभिन्न तवरले धेरैलाई सताइयो, यसै क्रममा धर्मादित्य धर्माचार्यलाई राजद्रोही घोषित गरिएको थियो । ने. सं. १०५० मा "बुद्धधर्म व नेपाल भाषा" पत्रिकाको प्रकाशन रोकियो ।

राजनैतिक कार्यकर्ता नभए पनि मखुसां, नेपाल भाषाका स्वनामधन्य लेखक चित्तधर हृदयले नेपाल भाषामै पद्म निकुञ्ज र कुसुम नामक पुस्तक प्रकाशन गरेको आरोपसहित राजकाजको मुद्दा दायर गरी छ वर्षसम्म जेलमा थुनियो । जेलम जीवनमै उहाँले सुगत सौरभजस्तो प्रसिद्ध महाकाव्य सिर्जना गर्न सफल हुनुभयो । यतिबेला नै 'वर्षा' कविता लेख्ने कवि सिद्धिचरण श्रेष्ठलाई १८ वर्षको कैद, "नेपाली विहार" कविता संग्रह सम्पादन गरी प्रकाशित गर्ने फत्तेबहादुर सिंहलाई सर्वस्वहरणसहित जन्मकैदको घोषणा गरिएको थियो । ज्ञानमाला भजन तथा पुस्तकको विषयमा धेरै नै अनावश्यक दुःख दिइयो । आफ्नो मातृभाषाले जनतालाई सचेत गर्न अघि सरेका शुक्रराज जोशी 'शास्त्री' शहिद भए । यस्तरी बुद्धधर्म तथा नेपाल भाषा प्रेमीहरूलाई दिइरहेको दुःख, भोगिरहेको दुःखमा पनि सहयोग गर्नेजस्ता कार्यमा



Downloaded from http://dhamma.digital

महाबोधि सोसाइटीले फलिफाप हुने गरी सुपरिणाम कार्यमा रचनात्मक कदम चाले ।

सन् १९३५ वैशाख पूर्णिमादेखि प्रकाशन गर्न सुरूवात भएको "धर्मदूत" पत्रिका प्रकाशित भएर ५ वर्षपछि ५/८ अंकमा नेपाली (गोर्खाली) भाषामा समेत लेख प्रकाशन गर्ने समाचार संप्रेषण गरियो । अधिकांश पाठकदीर्घाले नेपाल भाषालाई स्थान दिनुपर्छ भनी पत्राचार गरेपछि सन् १९४२ चैत्र वर्ष ६/१ अंकमा सर्वप्रथम "नेपालया सज्जन पाठकपिंके" भनेर एउटा सूचना प्रकाशितसँगै श्रामणेर महानामको "शील" नामक लेखरचना प्रकाशित गरियो । पत्रिकाका सम्पादक भिक्षु धर्मरक्षित थिए, नेपाल भाषामा श्रामणेर महानामले सम्पादन गर्नुभयो । यसपछि नेपाल भाषामा लेख्नेहरूका लागि हात मुट्ठी बाँधेर बस्नुनपर्ने गरी यौटा राम्रो मञ्च प्राप्त भयो, धार्मिक तथा भाषिक क्षेत्रलाई निरन्तररूपमा अगाडि बढाउन ढोका खुलेजस्तै भयो । नाच्ने आँगन पाएपछि नयाँ नयाँ लेखकीय प्रतिभाहरूलाई आफूलाई प्रस्तुत गर्ने उचितस्थान साथै विविध विधागत क्षेत्रले मौलाउँदै जाने माहौल तयार भयो । साढेसात वर्षभित्र भिक्षु अमृतानन्दको सबैभन्दा बढी ३६ वटा लेखरचना प्रकाशित भएको थियो भने नारी लेखिका मात्र एकजना मोतिलक्ष्मी उपासिका देखा परिन् । २००१ सालमा भिक्षु-श्रामणेरहरूलाई स्वदेशबाट निर्वासित गरिसकेपछि सारनाथमा धर्मोदय सभाको स्थापना गर्ने जुन कार्य भयो, ठीक त्यसको तीन वर्षपछि सन् १९४७ देखि भिक्षु अनिरूद्ध र भिक्षु महानामको सम्पादनमा कालिम्पोङ्पोङ्बाट 'धर्मोदय' मासिक पत्रिका प्रकाशन गर्ने कार्यपछि 'बुद्धधर्म व नेपाल भाषा' लाई स्वतन्त्र रूपले लेख्न पाउने मञ्च पाउनु स्मरणीय इतिहास हो ।



Downloaded from http://dhamma.digital

श्रीलंकामा अध्यरत श्रामणेर कुमारले पनि आफूलाई लेखन क्षेत्रमा परिचित गराउन लेख्नुभएको **'दुर्लभगु जन्म'** नामक प्रवन्ध लेख 'धर्मदूत' वर्ष ११, अंक ४-५, वि.सं. २००३ आषाढ-श्रावणमा प्रकाशित भएको थियो। उहाँले श्रीलंकामा अध्ययनरत अवस्थामैं 'धर्मोदय' मासिक पत्रिकामा विभिन्न लेखरचना लेखिरहनुभएको देखिन्छ।

**सर्वज्ञ अस्थिधातु दर्शन तथा अग्रश्रावकहरुको अस्थिधातु नेपालमा :**

सिलोनी धर्मदूत मण्डलले पूजा-सत्कारया लागि लंकाद्वीपमा अवस्थित अनुराधपुरबाट बुद्धको पवित्र अस्थिधातु धर्मोपहार-प्रदानको रूपमा ल्याइएको थियो। श्री ३ पद्म शम्शेरलाई हस्तान्तरण गर्ने शुभेच्छात्मक सन्देशपछि "आनन्दकुटीमैं चैत्य निर्माण गरी गर्भमा प्रणिधान गर्ने" भनी आज्ञा भएमुताविक बु. सं. २४९० को वैशाख पूर्णिमाका दिन सातजना श्रद्धालु दाताहरू मिलेर चैत्य निर्माणार्थ जग राख्न शिलान्यास कार्य सम्पन्न गरियो। दुई वर्षपछि बु. सं. २४९२ औं वैशाख पूर्णिमाका दिन नवनिर्मित चैत्यलाई श्रीलंकाराम चैत्य भनी विधिवतपूर्वक नामाकरण गरी भिक्षु नारदकै समुपस्थितिमा अनावरण कार्य भएको थियो। नेपालमा शाक्यमुनि सर्वज्ञ बुद्धको धर्म बारे नवजागरण आइसकेपछि पवित्र अस्थिधातुलाई पुनः सार्वजनिक रूपले प्रदर्शन गर्ने कार्य भएको यो नै पहिलो इतिहास हो। पवित्र अस्थिधातुलाई चैत्यको गर्भमा राख्ने व्यवस्थासँगै तीन ठाउँमा तीनवटै ताला लगाउने व्यवस्था गरियो। दुईवटा ताल्चा प्रमुख भिक्षुहरूसँगै राख्ने यौटा ताला वर्षेनी पालो पालो गरी करुणारत्न, सप्तवीरसिं, हेराभाइ र केशरत्न तुलाधर उपासकहरूलाई जिम्मा लगाइयो। यसैबेला अनुराधपुरबाट बोधिवृक्षको शाखा ल्याई आनन्दकुटी



Downloaded from http://dhamma.digital

परिसरमैं रोपिएको थियो ।

30th June 1948 (२००५ वि. सं.) का दिन यट्खा बहाः, काठमाडौंमा नारद महास्थविरलाई जनस्तरबाट नागरिक अभिनन्दन तथा मानपत्र प्रदान गर्ने भनी अभूतपूर्व ऐतिहासिक सार्वजनिक सभाको आयोजना गरिएको थियो । त्यसबेला श्री ३ महाराजका प्राइभेट सेक्रेटरी श्री दीपराज मानन्धर, एम. ए. को सभापतित्वमा समारोह संचालन भएको थियो भने श्री ३ महाराज मोहन शम्शेर जबराद्वारा वैशाख पूर्णिमाका दिन सरकारी बौद्ध कर्मचारीहरूलाई सार्वजनिक विदा दिने हुकुम भयो भनी श्री ३ महाराजका सुपुत्र कमाण्डर इनचीफ शारदा शम्शेर जबराद्वारा हस्ताक्षरित्र पत्र शुभ-सन्देशको रूपमा वाचन गरिंदा उपस्थित जनसागरबीच खुसीको कुनै सीमा रहेन, अनि करतल ध्वनियुक्त गडगडाहट तालि धेरै बेरसम्म गुन्जिएको थियो । उक्त पत्रको स्वरूप यस्तो थियो–

Singha Darbar<br>Kathmandu<br>30th June, 1948

Dear Bhikshu Narada,

Some days ago when you called at Singha Darbar to give blessing to my respected father His Highness the Maharaja, you made a suggestion that it would be gesture of great goodwill if Baisakh Purnima, the joint anniversary of Lord Buddha's Birth, Enliglhtenment and Nirvana, were declared a holiday for Buddhists in this land of Buddha's nativity. His Highness Majaraja had thanked you for your suggestion and had replied that he would consider the



Downloaded from http://dhamma.digital

matter. I have now great pleasure to informing you that His Highness the Maharaja has declared that henceforth Baishakh Purnima would be a holiday for all officers and personnel in the service of the Government, belonging to the Buddhist faith. Necessary government order are being issued accordingly.

With kind regards, I am,
your sincerely,
Sd. Sarada Sumsher

बौद्धहरूलाई सार्वजनिक बिदा दिने विषयलाई लिएर बु. सं. २४९५ को वैशाख पूर्णिमाको सार्वजनिक कार्यक्रम अयोजना हुँदा भिक्षु अमृतानन्दले– १) वैशाख पूर्णिमाका दिन नेपालका सकल जागिरदारहरूलाई सार्वजनिक विदा घोषणा गरिनुपर्ने, २) स्वयम्भू पर्वत-जङ्गलमा भएका पशुपंक्षी आदि प्राणीहरूको हिंसा गर्न नपाइने तथा त्यहाँ शिकारी कार्य बन्द गरिनु पर्ने, ३) स्वयम्भूमा भएका वृक्ष काट्न नपाइने, ४) छाउनीमा तारा हान्न नपाइने भनी ४ वटा प्रस्ताव प्रस्तुत गरेअनुरूप ७ जेष्ठ २००८ सालमा राजा श्री ५ त्रिभुवनद्वारा वैशाख पूर्णिमाका दिन सार्वजनिक विदाको घोषणा भयो ।

बि. सं. २००८ भाद्र ४ गते मन्त्रीमण्डलले बुद्धका अग्रश्रावकहरू सारिपुत्र र मौद्गल्यायनका अस्थिधातु राजकीय सम्मानतवरले नेपाल भित्र्याउने भनी ८ वटा बुँदा पास गरेअनुसार कार्तिक २०, २००८ का दिन राजा त्रिभुवनको बाहुलीमैं हवाइग्राउण्डमा हस्तान्तरण गरियो, ३१ तोपको सरकारी सलामीपछि नारायणहिति दरवारमा लगियो, उपत्यकामा सार्वजनिक दर्शनका लागि प्रदर्शन गरिएको त्यसै समय, जतिबेला श्रामणेर कुमार तथा श्रामणेर विमलानन्द अध्ययन विदामा नेपाल फर्केका थिए ।



Downloaded from http://dhamma.digital

**श्रामणेर कुमार भिक्षु कुमार काश्यप भयो :**

बु. सं. २४९२ बैशाख पूर्णिमाको समयमा नै नारद स्थविरको प्रमुखत्वमा आनन्दकुटी विहारमा उपोसथागार (भिक्षुहरूको गणपूरक संख्याद्वारा विनय-विधानपूर्वक कसैलाई भिक्षु वा उपसम्पदादीक्षा प्रदान गर्ने सीमागृह) स्थापना गर्ने कार्य भएको थियो भने यही उपोसथागार नेपालको पहिलो ऐतिहासिक उपोसथागार हो । यसै उपोसथागारमा श्रामणेर कुमार तथा श्रामणेर विमलानन्दलाई उपसम्पदादीक्षा प्रदान गरिएको थियो । ई. सं. १९५१ नोभेम्बर १३ का दिन विहानी ९:०० बजेको समयमा प्रदत्त उपसम्पदादीक्षा प्राप्तिपछि श्रामणेर कुमारको नाम भिक्षु कुमार काश्यपमा परिणत भयो । बर्मेली भिक्षु ऊ. कोविद महास्थविरको उपाध्यायत्व तथा भिक्षु प्रज्ञानन्दको आचार्यत्वमा उपसम्पदादीक्षा प्राप्त गर्नुहुँदा कर्मवाचा आचार्यहरू त्रिपिटकाचार्य भिक्षु धम्मधर महास्थविर (बङ्गाली), पालि महाचार्य धम्मारामो महास्थविर (कम्बोडिया), ऊ. अनिरूद्ध महास्थविरहरू हुन् । त्यतिबेला सिंहाली, बर्मेली, कम्बोडियाली, बङ्गाली तथा नेपालका गरी जम्मा १९ जवान भिक्षुहरूको उपस्थिति रहेको थियो । नेपालको पुनर्जागरित थेरवाद बौद्ध इतिहासमा नेपालमा नै उपसम्पदादीक्षा प्राप्त गरेको यो नै पहिलो पटक हो । उपसम्पदादीक्षा प्राप्तिपछि भिक्षु कुमार काश्यप अध्ययनलाई निरन्तरता दिनका लागि[८] पुनः श्रीलंका प्रस्थान गर्नुभयो ।

**त्रिपिटकाचार्य उपाधि शिक्षा र विविध गतिविधि :**

आमा तेजलक्ष्मी (अनागारिका मुदिता) को आफ्नो एक्लो सुपुत्रलाई बर्मामा पठाउनने भनी ठूलो भन्तेलाई दान गरेको थियो, तर पनि श्रीलंकामा बुद्धधर्म अध्ययनार्थ पुगेका श्रामणेर कुमारले



Downloaded from http://dhamma.digital

अध्ययनको क्रममा नेपाल फर्की उपसम्पदादीक्षा प्राप्त गर्नुभएको थियो । भिक्षु कुमार काश्यप महास्थविरले विद्यालंकार पिरिवेणमा लगनशीलपूर्वक अध्ययन गरी पिरिवेणको प्रारम्भ, प्राचीन, मध्यम तथा अवसान परीक्षा क्रमशः ई. १९५४ सम्म सम्पूर्ण शिक्षा उत्तीर्ण गर्नुभयो । त्यसपछि बुद्धधर्मको मूल ग्रन्थ त्रिपिटकअन्तर्गत सूत्रपिटक, विनयपिट तथा अभिधर्मपिटक एक एक गरी परीक्षामा उत्तीर्ण गरी नेपालकै पहिलो त्रिपिटकाचार्य उपाधि उत्तीर्ण नागरिक हुन सफल हुनुभयो । सूत्रपिटक तथा विनयपिटकको प्रमाणपत्र लिन पाए पनि अभिधर्मको परीक्षामा उत्तीर्ण भएर पनि गुरू भन्तेहरू बितेका कारण उत्तीर्ण प्रमाण-पत्र प्राप्त गर्न नसकेको कुरा त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरले सहर्ष स्वीकार गर्नुहुन्छ । त्यसो त आजसम्म उहाँ महास्थविर भन्तेपछि अरू कुनै पनि नेपालीले त्रिपिटकाचार्य उपाधि उत्तीर्ण गरेका छैनन् । वास्तवमा त्रिपिटकाचार्य व्यक्तित्व बुद्धभूमि नेपालकै लागि धार्मिक गर्व एवं प्रतिष्ठाको विषय हो ।

अध्ययनको क्रममा भिक्षु कुमार काश्यपको मनोभावना देशपालन अर्थात् राजनीतिक सोचविचारतिर पनि ढल्केका ज्ञात हुन्छ । श्रीलंकाको स्वतन्त्रता संग्राममा स्वयम् भिक्षुहरूको पनि संलग्नता तथा नेतृत्वदायी भूमिका रहेको थियो । अंग्रेजको झण्डा कुल्चेर राष्ट्रियता प्रदर्शन गर्नेजस्ता कार्य भिक्षुहरूबाटै भएको थियो । भर्खरको नवजवान भिक्षु विद्यार्थीहरू प्रत्यक्ष सडकमा उत्रिंदा नेपालका भिक्षु कुमार मात्र चूप लागेर बस्न सकिने भएन । जल्दोबल्दो परिस्थितिसँग भिक्षु मात्र अलग भएर बस्न सकिने कसरी ? अलि अलि हावालाग्नु अस्वाभाविक होइन । सिंहालीहरूको भाषिक क्षेत्र तथा धार्मिक क्षेत्रमा जिज्ञासुका रूपमा अगाडि बढिरहेका भिक्षु



Downloaded from http://dhamma.digital

कुमार काश्यप बण्डारनायकेको Freedom Party सित नजिकिएको थियो । त्यसबेला सांस्कृतिक, भाषिक कृयाकलापमा एकजना विदेशी भएर पनि भाषण गर्न खूब मन पराउने, उहाँको जोसिलो भाषण सबै खुसी हुन्थे । विशेषतः श्रीलंकाका वालपोल राहुल, बबराण्डे सीवली, पलनसूरिय सागर, यक्कदुवे पञ्ञारामजस्ता प्रसिद्ध भिक्षुहरूले भिक्षुहरू पनि देशपालन (राजनीति) मा जानुहुने भनी नवआवाज बुलन्द पार्ने नौलो आयामिक कार्यको थालनी गर्नुभएको थियो । राजनीतिमा सहभागी हुनुहुन्छ भनी नयाँ धारणाको विकास गरिएको भएतापनि त्यतिबेला मन्त्री वा पार्लियामेन्टको मेम्बर बन्ने सम्मको उद्देश्य थिएन ।

एकपटक United National Party (धनपति) सकृय अवस्थामा बजारी भाउ आकासिएको थियो, त्यतिबेला भिक्षुहरू पनि जुलसमा सहभागी भए । त्यसैबेला भिक्षु कुमारयात टियर ग्यासले सताएको थियो, दौडधूप गर्नु परेको थियो । देशपालनसम्बन्धी विभिन्न मिटिंगमा सहभागी भए । एक समय दाह्री खौरिएर बसेका कुमार काश्यपयात पछाडिबाट पानी खन्याइदिएको थियो, धेरै रीस उठ्ने बानी भएकालाई आगोमा घ्यु खन्याएजस्तै भयो होला, त्यसैले जुरूक्क उठेर घाँटी समाएर दनादन हिर्काए । त्यतिबेला धेरैले लाटो रीस उठ्ने भन्ते भनी चिन्ने कुमार काश्यप, एकदिन साथीहरूसँगै क्यालेनीय हलमा तहल्का मच्चाएको हिन्दी सिनेमा "संगम" हेर्न गएका थिए । आरामका साथ फिल्म हेरी बाहिर आउँदा देख्ने दाताहरूले रिसाएर भन्तेहरूलाई ढङ्गाले हाने, त्यतिबेला बाल बाल बच्नुभयो, भाग्न सफल भए । भाषण र कथा भन्न रूचाउने कुमार काश्यपले नेपाल भाषामा खरर उपदेश दिनुहुन्थ्यो, वजिर महास्थविरले सिंहली भाषामा खरर अनुवाद गर्नुहुन्थ्यो, कुमार काश्यपले हिन्दीमा



Downloaded from http://dhamma.digital

भन्नुहुने कुरालाई सिंहली भाषामा परिणत गरिन्थ्यो; वास्तवय् विदेशीले कथा भन्नुहुने भनी प्रचारित हुलहुलका बीच यो एउटा नाटक मात्र हो भनी दुबैलाई मात्र जानकारी हुन्थ्यो । अभिनयका रूपमा वास्तविक जीवनमा भोगेको कुरा आजसम्म पनि कुमार काश्यप भन्तेलाई स्मरण हुने गर्छ । कुमार भन्तेले "विद्यालंकार पद्मभूषण पदवी" लिन जानुहुँदा सम्बन्धित एकजना भन्तेसँग अभिनय बारे कुराकानी हुँदा पुरानो घटना खूब हँसाएको भनी बार बार भन्ने गर्नुहुन्छ । विद्यालंकार पिरिवेणमा कलेज स्थापना भएको ७५ वर्षको उपलक्ष्यमा "खुद्दक संगायना" भएको बेला भिक्षु कुमार काश्यपले बर्मीज अक्षरमा लेखिएको ग्रन्थ पढ्नुभएको थियो । त्यसो त भिक्षु कुमार काश्यपले बर्मामा भएको छट्ठ संगायनामा पनि नेपालको प्रतिनिधित्व गर्नुभएको थियो । श्रीलंकामा भिक्षुहरूका बीच श्यामनिकाय, अमरपुरनिकाय् तथा रामण्यनिकायका रूपमा तीनवटा निकायहरू छन् । भिक्षु अश्वघोष र कुमार काश्यप दुबै श्याम निकायका हुन् भने भिक्षु अमृतानन्द अमरपुरनिकायका हुन् । रामण्यनिकायमा पछि मात्र अन्य नेपाली भिक्षुहरू देखा पर्नेहुन्छ । श्यामनिकायभित्र गोहिकुल भनी किसान वा पैसावालाका छोराहरू प्रव्रजित हुने गर्छन् । उनीहरूले सम्पूर्ण जिउ छोप्ने गरी चीवरवस्त्र लगाउँदैनन् । केश पनि अलि लामो लामो हुने गरी पाल्ने गर्छन्, जस्ले गर्दा अलि डरलाग्दो तथा निडर भिक्षुका रूपमा देखिन्छन भनी भन्नेहरू छन् भने उनीहरूले आँखी भौं पनि काट्छन् । नभएको गुण देखावटीका रूपमा नदेखाउने, अलि खुल्ला भन्ने आसयले हुनुपर्छ : "श्याम निकायकालाई हात्ती चोर भन्ने गरिन्छ, अमरपुरनिकायकालाई गाई चोर तथा रामण्यनिकायकालाई मणि चोर" भनी ब्यङ्ग गर्ने परम्परा रहिआएको छ ।



Downloaded from http://dhamma.digital

**श्रीलंकाबाट नेपालमा :**

श्रीलंकामा हुँदा Calany University मा प्रवेश गरी अध्ययन गरिरहँदा भिक्षु अमृतानन्दले धर्मप्रचारार्थ नेपालमा आउनू भनी संप्रेषित पत्र प्राप्त हुन्छ । वि. सं. २०१३ मा धर्मोदय सभाको निमन्त्रणामा भएको विश्व बौद्ध सम्मेलनमा भाग लिन भनी भिक्षु कुमार काश्यप काठमाडौं आउनुभयो । सकृयतापूर्वक भाग लिनुभयो, पछि चारवर्ष सारनाथमा त्रिपिटकाचार्य भिक्षु जगदीश काश्यपको प्रधान सम्पादकत्वमा नालन्दाबाट पालि त्रिपिटकका ग्रन्थहरू देवनागरी लिपिमा सम्पादन भएको ऐतिहासिक कार्यमा संलग्न हुनुभयो । ख्यातिप्राप्त भिक्षु के श्री. धम्मानन्द महास्थविरसँगै भिक्षु कुमार काश्यप महास्थविरले सहकर्मी भई कार्यसम्पादन गर्नुभयो । देवनागरी त्रिपिटक सम्पादन गर्ने कार्यमा भिक्षु कुमार काश्यपको योगदान नेपालको लागि गर्वको विषय हो ।

नेपालमा ७ सालको प्रजातन्त्रपछि राजनीतिक वातावरणमा जुन उथलपुथल तथा धलमल धलमल स्थिति देखापर्‍यो, त्यसलाई व्यवस्थित गर्न १५ सालमा आमनिर्वाचन हुनसकेको भए, निर्वाचित सरकारपछि आपसी खिचातानी, कुर्सीमोह वंशानु एकाधिकार शासन पद्धतिलाई निरन्तरता दिंदैजाने, जनतालाई भिडाएर शासकले मज्जाले शासन गरिराख्ने, राष्ट्रका नाममा आफू, परिवार र स्वार्थलाई समेटेर अगाडि बढ्न चाहनेहरू तथा प्रजातन्त्र प्रजातन्त्र भनी जपना गरिरहेकाहरू बीच यौटा ठूलो खाडल, निर्दलीय पञ्चायती व्यवस्था लागूको खिचातानी-राजनीतिक परिवर्तनकै समयमा भिक्षु कुमार काश्यप स्वयम्भूस्थित आनन्दकुटी विहारमा बसी आनन्दकुटी विद्यापीठमा अध्यापन गर्ने कार्य सुरू गरे ।



Downloaded from http://dhamma.digital

## आनन्दकुटी विहारमा :

१७ सालको पंचायती व्यवस्थापछि प्रशासनले नेपाल भाषालाई दबाउने नियत अपनाए रेडियो नेपालमा लोकप्रिय "जीवन दबू" कार्यक्रम हटाएपछि नेवारहरूलाई ठूलो आघात पऱ्यो, चित्त दुख्यो,



परिणामतः कवि दुर्गालाल ख्वबिलुको "घाः जुया जक ख्वैगु खः भी, स्याःगुलिं सः तयागु खः, भी मसीनि ..." भन्ने सामूहिक अन्तर घाउ र पीडाको आवाज बुलन्द भयो । कुनैपनि मानिसभित्र आफ्नो मातृ भाषा, साहित्य, संस्कृतिप्रति अनुराग हावी हुनु स्वाभाविक हो, त्यसैले विरोधको क्रममा चेतना जागरित गराउन, प्रशासन तथा शासकहरूलाई रचनात्मक दृष्टिले हेर्न विभिन्न ठाउँमा विभिन्न स्वरूपका सभा, सम्मेलन हुँदै गए । २२ सालको आन्दोलनको रूपमा अगाडि बढेको यस आन्दोलनमा सुदर्शन श्रामणेर (भिक्षु) पनि सक्रिय रूपले अगाडि बढेको थियो भने भिक्षु कुमार काश्यपले पनि सहभागिता जनाई बिरोध सभामा भाषण गर्दै हिंडे । जवानीको जोस, तातो रगत प्रवाहित भइरहेको समय भएर नै होला "चिवरधारी भएर पनि देशले मागेमा बन्दुक समाउन पनि तयार" भन्ने आशययुक्त चर्को भाषण गरेको सुन्नेहरू आजसम्म पनि भिक्षु कुमार काश्यपलाई स्मरण गर्ने गर्दछन् । श्रामणेर सुदर्शनलाई त शान्ति सुरक्षा ऐन अन्तरगत ६ महिनासम्म जेल कैद गरियो । भिक्षु कुमार काश्यपको



Downloaded from http://dhamma.digital

चर्को भाषण ठाउँमै पुगेको हुनुपर्छ, त्यसैले आनन्दकुटीमा अञ्चलाधीश मार्फत हाजिर हुन फोन आएको भनी भिक्षु अमृतानन्दले भन्नु हुँदा भाषणमा जतिसुकै कडा बोल्नु भएपनि फोनको बारेमा सुन्दा त्यतिबेला आफुलाई निकै ठूलो भावनात्मक रूपले असर परेको उहाँले स्वीकार्नु हुन्छ ।

नेपालमा बौद्धहरूको स्कूलको रूपमा आनन्दकुटी विहारबाट इतिश्री गरी बामे सरेको आनन्दकुटी विद्यापीठमा भिक्षुहरूको योगदान कतिको छ भन्ने कुरा हिजोका विद्यार्थीहरू अनि उदार हृदय भएकाहरू सबैलाई थाहा नै छ । त्यसो त बुद्ध धर्म र भिक्षुहरूको सम्बन्धका कारण एक समय अति नै ख्याति कमाउन सफल रहेको सो विद्यालयको हालत आज नाजुक स्थितिमा पुगेको छ । धर्म र धार्मिक व्यक्तिहरूले सम्हालि राख्नु पर्ने, आधिकारिक रूपले त्यस स्कूललाई समेट्ने हाम्रो पनि दायित्व हो भन्ने अवस्थामा संकट देखिएको छ । उक्त स्कूलमा भिक्षु कुमार काश्यपले दुइ दशकसम्म अथक मेहेनत गर्नु भएको थियो । विद्यार्थीहरूलाई नैतिक शिक्षा पढाउने क्रमबाट शुरू भएको उहाँको शैक्षिक जीवन सुपरिवेक्षक, क्यासियर, पुस्तकालयाध्यक्ष, सञ्चालक समितिको उप-सचिव, स्टेशनरी इन्चार्जको रूपमा अगाडि बढेको थियो । विद्यार्थीहरूसँग हेलमेल गर्दै विभिन्न खेलहरूमा सहभागी हुने, खानपानमा फर्माइस गर्ने तथा मैत्रीपूर्ण व्यवहारका कारण धेरै पुराना विद्यार्थीहरूले "कुमार भन्ते" भनी स्मरण गर्ने गर्छन् । बच्चाहरूलाई नैतिक शिक्षा पढाउन अगाडि सर्ने भिक्षु कुमार काश्यप नमिल्दो विधि व्यवहार गर्नेहरू सँग लाटो रिस पनि देखाउने गर्छन् । अवैतनिक रूपमा विद्यालयमा प्रवेश गरेका भिक्षु कुमार काश्यपले महिनामा दुइ सय चानचुन सम्म पारिश्रमिक लिन पाएका थिए । प्रशासनिक दुर्व्यवहारका कारण



Downloaded from http://dhamma.digital

लाटो रिसलाई नियन्त्रण लिन नसक्दा कसैलाई मुखैमा थुकेको कहानी पनि छ, सम्भवत् त्यसैको कारणले गर्दा "रिस बैंक" लेखियो ।

**भिक्षु अमृतानन्द संगको जीवन :**

अन्तर्राष्ट्रिय ख्यातिप्राप्त आचार्य भिक्षु अमृतानन्द, पुनर्जागरण कालमा सकृय भूमिका निर्वाह गर्ने ऐतिहासिक भिक्षु, जसको छायाँमा परेर भिक्षु कुमार काश्यपको जीवन अगाडि बढेको हो भनी कोही कोही भन्ने गर्छन् । तीन दशक भन्दा बढि भिक्षु अमृतानन्दसँगै आनन्दकुटीमै बस्नु हुने भिक्षु कुमार काश्यपले २०२९ सालमा स्थापित आनन्दकुटी विहारबाट प्रकाशित गौरवमय इतिहास बोकेको "बुद्धकालीन ग्रन्थमाला" प्रकाशनमा भिक्षु कुमार काश्यपको मैत्रीपूर्ण सहयोग अन्तरनिहित ररहेको यथार्थता हो । "जन्ती जाँदै बिहे गर्न बिर्सिने" भनेझैं ग्रन्थ प्रकाशन गर्न धेरैलाई सहयोग गर्नुभयो, सहयोग गरेका हुन् भनी स्मरण गर्नेहरू र बिर्सिनेहरू पनि छन् तर स्वयंम त्रिपिटकाचार्यका रूपमा परिचित भएर पनि बुद्ध धर्म सम्बन्धि प्रकाशन क्षेत्रमा आवश्यक मात्रामा आफ्नो हात अगाडि बढाउन सक्नु भएन भन्नु अस्वाभाविक होइन । बाह्य दृष्टिकोणमा लेखन क्षेत्रमा गम्भीर हुन नसकेपनि भाषण, धार्मिक प्रवचन मार्मिक रूपमा लयबद्ध तवरले परित्राण पाठ गर्न सिपालु भिक्षु कुमार काश्यपलाई सबैले सम्झने गर्छन् । भिक्षु अमृतानन्दको देहावसानपछि आनन्दकुटी विहारमा एक जिम्मेवारी भिक्षुको रूपमा रही आज विहार प्रमुख हुनुभएको छ - आचार्य भिक्षु कुमार काश्यप महास्थविर ।

**लेखक, शिक्षक र सामाजिक व्यक्तित्व :**

हुन त श्रामणेर कुमारले वि.सं. २००३ सालमा धर्मदूत पत्रिकामा "दुर्लभगु जन्म" बिषयक लेख प्रकाशन गरी लेखकीय गुण



Downloaded from http://dhamma.digital

देखाउनुभएको थियो । उहाँले निरन्तर रूपमा आफूलाई प्रस्तुत गर्न सक्नुभएन, के कस्ता आरोह अवरोहका कारण लेखन विधामा स्थापित हुन सक्नुभएन यो अध्ययनकै विषय हो । त्यसो त स-साना पुस्तकहरू, यताउति गरी दाता छ भन्दैमा पुस्तकको प्रकाशन संख्या मात्र बढाउँदैमा, सयौं पुस्तक संख्या पुऱ्याउँदैमा पनि स्थापित लेखक कसरी हुन सकिन्छ र ? लेखन क्षेत्रमा संख्यात्मकभन्दा विषयवस्तु र शैलीलाई महत्व दिई पुस्तक प्रकाशन गर्न सकेमा त्यसको दूरगामी महत्व हुनसक्छ । यसै क्रममा आचार्य भिक्षु कुमार काश्यपकृत दशपारमिता विशेष महत्वपूर्ण ग्रन्थको रूपमा परिचित ग्रन्थ हो ।

नेसं. १०९२ (विसं. २०२९) तिर प्रकाशित त्यस ग्रन्थ बौद्ध परियत्तिका विद्यार्थीहरू, विश्वविद्यालयका विद्यार्थीहरू, शोधकर्ता, अनुसन्धानविद्, वज्रयान तथा महायानसँग सम्बन्धित जो कसैको लागि पनि सहयोगीसिद्ध भइदिएको छ । तीस वर्षपछि नेपाली भाषामा अनुवाद भई १०,००० प्रति ताइवानबाट प्रकाशित भएको छ । भिक्षु कुमार काश्यपको "गृही-प्रतिपत्ति" नामक पुस्तक सामाजिक क्षेत्रको लागि अति महत्वपूर्ण मानिन्छ । यस पुस्तक पनि नेपालीमा अनुवाद भइसकेको छ । 'आलकव-सूत्र' अनुवाद पुस्तक मात्र नभएर त्यसभित्र जुन व्याख्यात्मक शैलीबाट धर्मको मर्म बुझाउने प्रयास गरिएको छ, त्यो अनुकरणीय देखिन्छ । यसरी नै नेपाल सम्वत् १०८३ मा भिक्षु अश्वघोष र कुमार काश्यपद्वारा संयुक्त रूपमा प्रकाशित "बुद्धया अर्थनीति" पुस्तक पनि एउटा महत्वपूर्ण पुस्तकको रूपमा गनिन्छ ।

विभिन्न पुस्तकका लेखक तथा साहित्यकारका रूपमा जीवन अगाडि बढ्न नसके पनि बौद्ध सामाजिक क्षेत्र तथा नेपालभाषाको



Downloaded from http://dhamma.digital

साहित्यिक एवं सांस्कृतिक क्षेत्रमा परिचित भिक्षु कुमार काश्यप नेपाल लिपि गुथिका संरक्षक हुनुहुन्छ । साहित्यिक सम्मेलनमा यदाकदा देखिनुहुने भिक्षु कुमार काश्यपले एक समय कवि दुर्गालालको "निमन्त्रणा" र "श्रीमती" नाटक प्रदर्शन कार्यमा सचिव तथा कोषाध्यक्षको अभिभार बहन गर्नुभएको थियो । धर्मदेशना र कथा भन्नु जीवनको एउटा उद्देश्यभन्दा पनि कर्तव्य नै हो भने धर्मप्रचारार्थ विभिन्न विहारहरू जस्तैः शाक्यसिंह विहार, आनन्दकुटी विहार, आनन्दकुटी विद्यापीठ, यशोधरा विद्यालय, संघाराम भिक्षु तालिम केन्द्र, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी आदि विभिन्न परियत्ति-शासनलाई माथि उकास्नका लागि भिक्षु कुमार काश्यपबाट जुन योगदानपूर्ण अध्यापन कार्य भए, यो धार्मिकसँगै सामाजिक दृष्टिकोणबाट पनि प्रशंसनीय पक्ष मान्न सकिन्छ ।

आजको लुम्बिनी विकासको परिकल्पना अगाडि लुम्बिनीलाई विकास गर्न लुम्बिनी विकास सहयोग समिति गठन हुँदा भिक्षु कुमार काश्यपको नेतृत्वमा समिति गठन भएको थियो । वर्तमान आनन्दकुटी विहारका प्रमुख, निवर्तमान अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष, निवर्तमान आनन्दकुटी विहार गुठीका अध्यक्ष, बौद्ध मासिक पत्रिका 'आनन्दभूमि'का सल्लाहकार तथा आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोषका संस्थापक संरक्षक भिक्षु कुमार काश्यप विभिन्न बौद्ध संघसंस्थाहरूमा समेत धर्मानुशासक, सल्लाहकार हुनुहुन्छ ।

**भिक्षु कुमार काश्यपको व्यक्तित्व र व्यवहारिक जीवन :**

एक समय लाटो रीस पोख्ने भन्ते भनिएतापनि आजको परिवेशमा भिक्षु कुमार काश्यप महास्थविर विवादरहित, करूणा र समानताका प्रतीक, मिलनसार तथा ठूलो मान्छे बन्ने प्रवृत्तिबाट टाढिएको भिक्षुका रूपमा सबैले चिनेका छन् । नेतृत्व वर्गमा पुगेर



Downloaded from http://dhamma.digital

पनि कडाइका साथ नेतृत्व बहन गर्न भिक्षु कुमार काश्यपको सीधा साधा स्वभाव बाधक भएर तेर्सिइने गरेको छ । भण्डै पाँच दशकदेखि निरन्तर रूपमा आनन्दकुटी जंगलमा बस्ने स्वभावका कारण उहाँको दैनिक जीवनमा केही प्रभाव लागेको हो कि ! वा दैनिक ध्यानभावनाको अभ्यासका कारण सांगठनिक वृत्तलाई नेतागिरी बनी अगाडि बढ्न बाधक भएको हो कि ! यसै भन्न गाह्रो छ । बच्चादेखि बुढासम्म सबैलाई समान विधिव्यवहार गरिरहने, अरूले नदेखे पनि, नबोले पनि आफै अगाडि सरेर नरम भएर बोल्न जाने प्रवृत्तिका कारण उहाँलाई आफ्नो व्यक्तित्वमा अडिक भई बस्न असमर्थ ब्यक्तिका रूपमा लिने व्यक्तिहरू नभएका होइनन् । सामाजिक तथा बाह्य नेतृत्वको हिसाबले यो सही लाग्न सक्छ, तर आध्यात्मिक तथा एउटा भिक्षुको सैद्धान्तिक र व्यवहारिक जीवनको दृष्टिकोणले भिक्षु कुमारको जस्तो स्वभावलाई निरन्तरता दिनु सहज छैन भन्ने कुरा सबैले स्वीकार्नु पर्ने देखिन्छ । नाम कहलिने र प्रसिद्धि कसलाई मन पर्दैन र ? तैपनि आफ्नो नाम र धेरै महत्वाकांक्षाअनुरूप कुमार भन्तेको जीवन अगाडि बढेको देखिंदैन ।.नामको लागि मरिमेट्नेहरूको तुलनामा भिक्षु कुमार काश्यप अभै कुमार नै रहेका छन्, यस मामिलामा थाहा नभएर हो वा मन नभएर हो, आखिर नाममा मात्र के हुन्छ र भन्ने बुझेर हो वा प्रचारबाजीप्रति वितृष्णा जागेर हो, कुमारले सदैव कुमारअनुरूप जीवन व्यतीत गरिरह्यो । यसरी नै जीवन्त रूपमा अगाडि बढिरहनुभएको छ । स्थान विशेषको हिसाबले आनन्दकुटी छोड्न गाह्रो मान्ने, आनन्दकुटीप्रति बढी आत्मीय भनौं वा आसक्त भनौं, त्यहीं बस्दाबस्दै जीवन अन्त होस् भनेर चाहना राख्ने, औपचारिक विधिव्यवहार सुहाउँदो कोठाको स्वरूप परिवर्तन गर्नुपर्‍यो भनी कसैले सुझाव दिंदा समेत यत्रतत्र, छताछुल्ल सरसामान छरिएर रहे पनि मतलब नराख्ने भिक्षु कुमारकाश्यपको जीवनशैली



Downloaded from http://dhamma.digital

बडो सरल पद्धतिअनुरूप अगाडि बढिरहेको अन्तरदृष्टिय अवधारणाअनुरूप प्रशंसनीय मान्न सकिन्छ । दान धर्म, चन्दा दिन मन फराकिलो भएका भिक्षु कुमार काश्यपले आफैले चन्दा दिएर छात्रवृत्ति कोष स्थापना गर्नुभएको छ । दाताहरूबाट स-श्रद्धाले प्राप्त हुने अलि अलि दक्षिणालाई सदुपयोग गर्ने उहाँकै संस्थापकीय संरक्षकत्वमा आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोष खडा गर्नुभएको छ । केही वर्षअगाडिसम्म कुमार भन्ते दिनहुँ स्वयम्भू परिक्रमा गर्न जानुहुन्थ्यो, त्यतिबेला भन्ते बाजे भनी नमस्कार गर्न आउनेहरूको ताँती लाग्थ्यो । सबैलाई आशीर्वाद दिने क्रममा श्रद्धापूर्वक ढोग्न आउनेहरूलाई उहाँले टाउकोमा छोएर आशीर्वाद दिने शैली देख्न लायकको हुन्थ्यो । मानौं उहाँ एउटा ठूलो अवतारी लामा भिक्षु जस्तो देख्नुहुन्थ्यो ।



म्यानमार सरकारद्वारा विभूषित हुँदा, सन् २००२

आचार्य भिक्षु कुमार काश्यपको बुद्धशासनिक योगदानलाई कदर गरी सन् १९९२ मा विपश्यना विशोधन विन्यास, इगतपुरी भारतबाट **"महासद्धम्म परियत्ति पदीप"**, सन् २००१ मा स्वयम्भू ज्ञानमाला भजनबाट **"ज्ञानमाला रत्नवत पुरस्कार"**, म्यानमार सरकारबाट सन् २००२ मा **"अग्गमहासद्धम्मजोतिकधज"** उपाधि, सन् २००१ मा श्रीलंकाबाट **"विद्यालंकार पद्मभूषण"** उपाधिबाट विभूषित हुनुभएको छ । यसरी नै उहाँलाई अखिल नेपाल भिक्षु महासंघबाट वि. सं. २०५८ सालमा



Downloaded from http://dhamma.digital

विभिन्न बौद्ध संघसंस्थाहरूको सहभागितामा सार्वजनिक रूपमैं अभिनन्दन गरिएको थियो ।

**निष्कर्ष:**

श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरको बुद्धशासनिक योगदानलाई शब्दमा वर्णन गर्नु सहज छैन । करूणा र समानताका प्रतीक, कसैलाई पनि चित्त नदुखाउने, नेतृत्वको सवालमा पनि एक्लै निर्णय नगरी सम्बन्धित पक्ष छलफल गर्ने प्रवृत्तिका धनी उहाँ पूजनीय भन्तेलाई जो-कसैले पनि सोझासीधा, लप्पनछप्पन नजान्ने भन्छन, वस्तुतः आन्तरिक व्यक्तित्वको हिसाबले उहाँको चारित्रिक गुण अति नै गौरवनीय्, उच्चस्तरीय एवं पूजनीय हुनु हामी सबैको लागि सुखकर विषय हो । उहाँजस्तो नेपालका एकमात्र त्रिपिटकाचार्य, देश निर्वासनताकाका एक मात्र जीवित ऐतिहासिक व्यक्तित्व, आचार्य भिक्षु कुमार काश्यप महास्थविरको बुद्धशासनिक योगदानलाई कदर गरी उहाँको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा सप्ताहव्यापी विविध धार्मिक, सामाजिक क्रियाकलाप सञ्चालन हुनु आफैमा महत्वपूर्ण कार्य भएको छ ।



नेपाल लिपि गुथिद्वारा अभिनन्दित, ने.सं. ११२४

(नेपालमा भाषामा लिखितलाई थपघट गरी हतारहतारमा प्रस्तुत गरिएको, अनुवाद श्रोत : कोण्डन्य, संस्मरण : भिक्षु कुमारकाश्यप महास्थविर, नेपाल लिपि गुथि, ने.सं. ११२४, वि.सं. २०६१)



Downloaded from http://dhamma.digital

**सन्दर्भ सामाग्रीः**

१) कोण्डन्य (सं), परियत्ति : तृतीय प्रवेश शिक्षा, नेपाल बौद्ध परियत्ति शिक्षा परिषद, बु.सं. २५४६
२) कोण्डन्य (सं), 'आनन्द भूमि' विशेशाङ्क, भिक्षु अश्वघोष महास्थविर र भिक्षु कुमार काश्यप महास्थविर, आनन्द कुटी विहार गुठी, सुखी होतु नेपाल, काठमाडौं, वर्ष ३१ अङ्क ११
३) भिक्षु धर्मालोक, महाचीन यात्रा, धर्मोदय सभा, कालिम्पोङ्ग, बु.सं.२४९३
४) भिक्षु बोधिज्ञान, नेपाल भाषाया विकासय् 'धर्मदूत' योगदान, त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय, शोध प्रवन्ध, ने.सं. ११११९
५) लाकौल, बैकुण्ठ प्रसाद, नेपालय् स्थविरवाद गुकथं वःगु खः, मालती लाकौक, ने.सं. ११०५
6) Bhikshu Amritananda, A short History of Theravada Buddhism in Nepal, Anandakuti Vihara Trust, Kathmandu, 1982 A.D.

**पत्रिकाः**

१) 'आनन्दभूमि'– बुसं. २५१७ (२०३० साल) वर्ष १ अंक २, वर्ष ३/१, २, ३, ४ वर्ष ४/३,४, वर्ष ५/१,२, वर्ष ६/३,४ वर्ष ७/९, वर्ष १० /४,५, वर्ष ११ निसें वर्ष २५ को अंक २ र २६/१
२) भिक्षु अश्वघोष (प्र.सं) 'धर्मकीर्ति'– वर्ष १२ अंक ५ र ६
३) 'धर्मोदय' - बु.सं. २४९२ वर्ष १ अंक ८/९ (२००५ साल) वैशाख पूर्णिमा विशेषांक, वर्ष १/अंक १०, वर्ष २/८, ९ वर्ष ३/७,८, वर्ष ६/९ (पूर्णाछ्व ७०)
४) 'स्मारिका' - २५३९ औं तथा २५४८ औं बु.ज.स. समिति, काठमाडौं ।
५) 'धर्मदूत' वर्ष ७/अङ्क ११, वि.सं. १९९९, १९४३, बुद्ध स. २४८६
६) 'धर्मदूत' वर्ष ११/अङ्क ४ व ५, वि.सं. २००३



धर्मोदयसँग चीन भ्रमणमा जाँदा



Downloaded from http://dhamma.digital



# म र भिक्षु कुमार काश्यप दुबै ८४ औं वर्षमा प्रवेश


- संघउपनायक भिक्षु अश्वघोष महास्थविर

भिक्षु कुमार काश्यप किण्डोल विहारमा बस्नुहुँदा म उपासक थिएँ । उहाँ त्यतिबेला सबैभन्दा कान्छो श्रामणेर हुनुहुन्थ्यो । उहाँ मभन्दा ३ वर्षपहिले श्रामणेर भन्ते हुनुभएको थियो, श्रामणेर प्रव्रज्याअनुसार उहाँ मभन्दा जेठो थियो । उहाँभन्दा ३ वर्षपहिले म उपसम्पदा भिक्षु भएँ, अनि म जेठो भएँ । म जन्मेको जेठ महिनामा र उहाँ श्रावण महिनामा जन्मनुभयो । यसअर्थमा उहाँ मभन्दा कान्छो हुनुभयो । अहिले उहाँ मभन्दा बुढो देखिनुहुन्छ, रौं पनि फुलिसकेको छ । तसर्थ उहाँ मभन्दा जेठो देखिन्छ र सबैले त्यसरी नै मान्दछन् ।



Downloaded from http://dhamma.digital

हामी दुबैजना नङ्ग र मासुजस्तै सम्बन्ध भएको साथी थियौं । उहाँ किण्डोल विहारमा हुँदा म पूज्य अमृतानन्द भन्तेको आचार्यत्वमा कुशीनगरमा पूज्य चन्द्रमणि महास्थविरबाट प्रव्रजित भएर श्रीलंका गएँ । म श्रीलंकामा छँदा श्री ३ जुद्ध शम्शेरले नेपालबाट ८ जना भिक्षुश्रामणेरहरूलाई देश निकाला गरे । त्यसमा कुमार श्रामणेर पनि पर्नुभएको रहेछ । त्यसपछि उहाँ श्रीलंका आउनुभयो । कहिले कहिले उहाँ बिरामी हुँदा औषधोपचारको लागि अस्पतालमा भर्ना हुँदा म बारम्बार हेरविचार गर्न जाने गर्दथें । त्यस बखत उहाँ आँखाबाट आँशु झार्दै रूनु हुन्थ्यो । म पनि बिरामी हुँदा अस्पतालमा भएको बेला साथी कुमार काश्यप बारम्बार हेरविचार गर्न आउनुहुन्थ्यो । त्यस बखत म पनि रून्थें । त्यहाँ नातेदार कोही हुँदैनथ्यो । न्हुच्छे बहादुर वज्राचार्य एकजना मात्र थियो, उहाँ कहिलेकाहिं हेर्न आउनुहुन्थ्यो ।



हामी दुबैजना बिरामी हुँदा मन कमजोर हुन्थ्यो, त्यसैले रून मन लाग्थ्यो । म बैंककमा पक्षाघात (प्यारालाइसिस) रोगको शिकार बनेर अस्पतालमा उपचार गरिरहेको बेला मलाई हेर्न थुप्रै नेपालीहरू आउँदा खूब रून्थें । त्यसताका चौबिसैघण्टा सँगै बसेर कोण्डन्यले सेवा गरिरहेको थियो । म रूँदाखेरि कोण्डन्यले त्यसरी रूँदा रोग झन बढ्छ, झन् रोगले च्याप्छ, अनि मन झन कमजोर



Downloaded from http://dhamma.digital

हुन्छ भनी सम्झाउने गर्दथ्यो । आजकाल पनि कहिलकाहिं आनन्द कुटीमा जाँदा साथी भिक्षु कुमार काश्यप आँशु पुछ्दै बस्नुहुन्छ ।

अब फेरि हामी दुबैको सम्बन्ध बारे चर्चा गरौं । कुमार काश्यपले श्रीलंकामा १३ वर्ष जति धर्मको अध्ययन गर्नुभयो । उहाँले त्रिपिटकाचार्य उपाधि उत्तीर्ण गर्नुभयो । म ८ वर्ष श्रीलंकामा बसेर कुनैपनि परीक्षा उत्तीर्ण गर्न सकिनं, केवल व्यक्तिगत रूपमा पोख्त दुईजना विद्वान भिक्षुहरू समक्ष बुद्धधर्म र पालिभाषा अध्ययन गरें । पछि हिन्दुस्तानमा बि. ए. सम्म अध्ययन गरें, तर फेल भयो ।

म पूज्य अमृतानन्द भन्तेको जेठो शिष्य भएर पनि आनन्द कुटीमा टिक्न सकिनं । कुमार काश्यपचाहिं पूज्य प्रज्ञानन्द भन्तेको चेला भएर पनि उहाँ आनन्द कुटीमा बसेर पूज्य अमृतानन्द भन्तेको बुद्धकालीन ग्रन्थ प्रकाशनमा ठूलो योगदानमय सहयोग गर्नुभयो । आज उहाँ आनन्द कुटी विहारको प्रमुख भिक्षु बन्न सफल हुनुभयो, उहाँलाई साधुवाद छ । मचाहिं अकृतज्ञ बन्न पुगें ।

भिक्षु कुमार काश्यपको ब्रह्मचर्या शुद्ध छ । मतलब उहाँ बाल ब्रह्मचारी हुनुहुन्छ । मचाहिं विवाहित भइसकेको हुँदा मेरो ब्रह्मचर्या शुद्ध भएन ।

धेरैजसो एक दुईघण्टामै पढेर सकिने खालका दर्जनौं मेरा पुस्तकहरू प्रकाशित भएका छन् । उहाँले कतिपय पुस्तक लेख्नुभएको र प्रकाशित भएकोमध्ये जस्तै दशपारमिता र गृहीप्रतिपत्ति पुस्तकहरू धेरैजनालाई मन पर्छ । एकदिनमैं पढेर सकिंदैन, मोटो खालको । उहाँ थेरवाद कट्टर समर्थक हुनुहुन्छ । उहाँ विवादास्पद कुरा केही लेख्नु हुन्न ।

मैले पनि दर्जनौं पुस्तक लेखी प्रकाशित गरें, तर कतिपय पुस्तक थेरवाद अनुकूल भएन र मानिस असल मानिस बन्नुपर्ने खालको मौलिक "धर्म"को पुस्तक लेखें । "बुद्धवाद" नामक पुस्तक



Downloaded from http://dhamma.digital

लेख्दा त्यस पुस्तकको बारे पूज्य अनिरूद्ध महास्थविरले आलोचना गरी पत्रिकामै स्पष्ट रूपमा "बुद्धवाद होइन्, अश्वघोषवाद हो" भनी आलोचना गर्नुभयो । त्यस पुस्तकमा केही कुरा थेरवाद अनुकूल नभएको हुनसक्छ । त्यही पुस्तकको द्वितीय संस्करणमा "मैले बुझेको बुद्धधर्म" भनी नाम फेरिदिएँ ।

"बुद्धया अर्थनीति" नेवारभाषामा हामी दुबै मिलेर संयुक्त रूपमा लेखेका हौं । त्यो पुस्तक लेख्दाखेरि केही विषयमा उहाँ सहमत हुनुभएन । त्यसैले एउटा परिच्छेद नै हटाइदियौं ।

उहाँ शुद्ध थेरवादी भिक्षु हुनुहुन्छ । उहाँले प्रवचन र धर्म उपदेश गर्नुहुँदा थेरवादी भनी बारम्बार चर्चा गर्नुहुन्छ । मचाहिँ धर्मको मात्र प्रचार गर्छु किनभने बुद्धले धर्मको मात्र प्रचार गर्नुभएको देख्छु । थेरवादी भनी बुद्धले प्रचार गर्नुभएको पाइएको छैन । बुद्धको परिनिर्वाणपछि मात्र भिक्षुहरूमा धर्मसम्बन्धी मतभेद भएर थेरवाद र महायान भनी भेद देखिएको हो ।

उहाँलाई र मलाई एउटै दर्जामा राखेर म्यानमार (बर्मा) सरकारले धर्म प्रचार गरेबापत **"अग्गमहासद्धम्मजोतिकधज"** नामक उपाधि प्रदान गरियो ।

भिक्षु कुमार काश्यपमा कुनै प्रकारको राजनैतिक पार्टीको रङ्ग लागेको छैन । ममा चाहिँ एकताका राजनीतिक पार्टीको रङ्ग लागिसकेको थियो । तसर्थ यहाँ यस दृष्टिकोणले भिक्षु कुमार काश्यप मभन्दा शुद्ध छ । तर अहिले म मध्यममार्गी बनें । राजनीतिदेखि वाक्कदिक्क भइसकें । हो, म चीनमा औषधोपचार गरेर नयाँ जीवन पाएकोले चीन समर्थक भएँ ।

अन्तमा, म आनन्दकुटीमा किन टिक्न सकिनँ, यसबारे केही शब्द लेख्नु अत्युक्ति नहोला । सबै व्यक्तिमा आ-आफ्नो स्वभाव हुँदो रहेछ । कुनै बेला मैले आनन्दकुटीमा धार्मिक कार्यक्रम बनाउँदै थिएँ, तर आवासीय भिक्षुहरूलाई र गुरुलाई समेत कुनै



Downloaded from http://dhamma.digital

जानकारी नै हुँदैनथ्यो, म जानकारी नै गर्दिनथें । यसले गर्दा म असफल भएँ । यो मेरै कमजोरी र गल्ती पनि थियो । कमसेकम केही गर्दा मैले गुरूको अनुमति लिनै पर्थ्यो । भन्नलाई त कुमार काश्यप नङ्‌ र मासुजस्तै सम्बन्ध भएको साथी भन्छु, तर आफ्नो साथीसँग सल्लाह गर्नुपर्ने थियो, सल्लाह गर्ने चलन नै नहुनु मेरो कमजोरी पक्ष हो । कहिलेकाहिं आफ्नो स्वभाव सम्झिंदा कस्तो स्वभाव रहेछ भन्ने चिन्तना हुन्छ, त्यतिबेला आफ्नै कमजोरी हो भन्ठान्छु ।

बनेपामा ध्यानकुटी निर्माण गर्नलाई पनि पूज्य गुरू अमृतानन्द भन्तेको अनुमति लिनुपर्थ्यो, त्यसो गर्नै सकिनं, मलाई होश नै भएन । कतै यो मेरो अहंकारको लक्षण त होइन ? जस्तो पनि लाग्छ । ध्यानकुटी निर्माण गरेर पूर्वमा बनेपा, धुलिखेल, पनौति, खोपासी, पलाञ्चोक, नाला, साङ्गा आदि ठाउँमा बुद्धको शिक्षा प्रचारप्रसार गर्न सकेको नराम्रो कुरा त अवश्य पनि होइन । स्मरणीय छ, कुनै बेला पूज्य गुरू अमृतानन्द भन्तेले भन्नुभएको थियो - "तिमी आनन्दकुटीमा नबसे पनि बुद्धधर्म प्रचारप्रसार गरिरहेको देख्दा खुशी छु ।" यो कुरा सुन्न पाउँदा मेरो मनमा आनन्दको महसुस भयो ।

पुछारमा, मैलेभन्दा बढि साथी कुमार काश्यपले बुद्धधर्म (थेरवाद) प्रचारप्रसार गर्नुभएको छ । उहाँले अरू कसैको चित्त दुखाउनुभएको छैन जस्तो लाग्छ । यस कुरामा म अपवादबाट बचेको छैन । यस अर्थमा भिक्षु कुमार काश्यप मभन्दा माथि पुगेको व्यक्तित्व हुनुहुन्छ । यस पुण्यद्वारा उहाँको सु-स्वास्थ्य लाभ होस् भनी हृदयदेखि कामना गर्दछु ।

भवतु सब्ब मंगलं ।

२०६७ श्रावण १४, ध्यानकुटी विहार, बनेपा



Downloaded from http://dhamma.digital



मंगोलिया बौद्ध सम्मेलनमा
सहभागी हुँदै कुमार भन्ते

# मेरो दृष्टिमा कुमार भन्ते

- ज्ञानकाजी शाक्य, तानसेन, पाल्पा

कुमार भन्तेलाई कहिलेदेखि चिनेको भनी कसैले मलाई सोधेमा मेरो सरल जवाफ हुनेछ- "मेरो बालक कालदेखि नै ।" आनन्दकुटी विद्यापीठमा बि. सं. २०१० सालदेखि २०१५ सालसम्म अध्ययन गर्ने अवसर मैले पाएको थिएँ । सायद २०१२-१३ सालको कुरा हो, उहाँ त्यस विद्यालयमा सुपरिटेन्डेन्ट हुनुहुन्थ्यो । त्यसबेला गुरूजनहरू शिष्यहरूलाई अनुशासनको पाठ मात्रै पढाउने गर्नु हुन्थ्यो, खुद आफै पनि अनुशासित रहन्थे । यस खालका भद्र र सज्जन गुरूहरूमा पर्नुहुन्थ्यो हाम्रा पूजनीय कुमार काश्यप भन्ते !

जाडो होस् वा वर्षा अथवा गर्मी, सबै याममा उहाँ विद्यापीठका विद्यार्थीहरूलाई बिहान ठीक ६.३० बजे नै उपस्थित



Downloaded from http://dhamma.digital

एवं पंक्तिबद्ध गराई प्रार्थना गराउनुहुन्थ्यो । पहिले पंचशील प्रदान गर्नुहुन्थ्यो, त्यसपछि त्रिरत्न-वन्दना (गाथा) प्रार्थना यसरी गराउनुहुन्थ्यो-

**यो वदतं पवरो मनुजेसु, सक्यमुनि भगवा कतकिच्चो ।**
**पारगतो बलविरियसमंगी, तं सुगतं सरणत्थमुपेमि ।।**

**राग विराग मनेज मसोकं, धम्ममसंखतमप्पटिकूलं ।**
**मधुरमिमं पगुणं सुविभत्तं, धम्ममिमं सरणत्थमुपेमि ।।**

**यत्थ च दिन्नमहप्फलमाहु, चतूसु सुचीसु पुरिसयुगेसु ।**
**अट्ठ च पुग्गलधम्मदसा ते, संघमिमं सरणत्थमूपेमि ।।**

मंजुश्रीमुनि अवस्थित यो विद्यालयको विद्यार्थीहरूको त्यो प्रार्थनाको स्वरले सारा जंगल र डाँडा एउटा अचम्मको शान्तिको सन्देश दिएर गुञ्जायमान भएको प्रतीत हुन्थ्यो । युवा कुमार भन्तेको त्यस बेलाको शान्त र स्थीर आवाज आज पनि कता-कता मेरो मनको कुनै कुनामा झंकृत हुने गर्दछ । त्यो नियमितता, त्यो अनुशासन उहाँको एउटा उत्कृष्ट चारित्रिक विशेषता नै हो भने उहाँ साह्रै सरल हृदयी, कारूणिक र साथै अति मिलनसार स्वभावको व्यक्तित्व पनि हुनुहुन्छ ।

जमानामा (बि. सं. १९९९ सालमा) भिक्षु प्रज्ञानन्द महास्थविरले विवेकाचारी, खेमाचारी र चुन्द भन्ते (गृहस्थीको नाउँ सूर्जलाल वज्राचार्य) सँग उहाँ एउटा सीधासाधा केटो हुँदा भारतको कुशीनगर लैजानुभएको थियो । कुशीनगरमा उहाँहरू चारैजनालाई बर्माको अरकान निवासी चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा प्रव्रजित गरिएको थियो । कुशीनगरबाट उहाँहरू काठमाडौं आउनुभएको थियो । काठमाडौंमा किण्डोल विहारमा बस्नुहुन्थ्यो । राजधानीमा पसेपछि



Downloaded from http://dhamma.digital

बुद्धधर्मप्रति केही गरुँ भन्ने भावना उहाँमा यति गाढा ढङ्गले व्याप्त भयो कि २००१ सालमा श्री ३ महाराज जुद्धशमशेरले बुद्धधर्म प्रचार गर्ने ८ जना श्रद्धेय भिक्षुहरू (४ जना भिक्षु, ४ जना श्रामणेर) लाई देश-निकाला गर्दा उहाँ पनि पर्नुभयो । संजोगले त्यसरी देश-निकाला गरिएका भिक्षुहरू मध्ये हाल उहाँ कुमार भन्ते मात्र जीवित हुनुहुन्छ । उहाँ सामान्य खालको भिक्षु भएको भए सायद कठोर राणा शासनले उहाँमाथि समेत कुदृष्टि राख्नुपर्ने थिएन ।

यसरी देशबाट निष्काशन भएपछि केही भिक्षुहरू बनारस पुगे भने कुमार भन्ते, प्रज्ञानन्द महास्थविरकासाथ कालिम्पोङ्ग पुग्नुभयो । पछि श्रीलंकाको प्रसिद्ध विद्यालंकार पिरिवेण (कलेज) मा उहाँले बुद्धधर्मको गहन अध्ययन गरी त्रिपिटक विषयमा आचार्य उत्तीर्ण गर्नुभयो । सिलोनमा रहँदा, बस्दा त्यहाँको धार्मिक, बौद्धिक र चेतनशील समाजको उन्नत ब्यवहारले कुमार भन्तेलाई निश्चय नै भित्रैदेखि छोएको हुनुपर्छ ।

श्रीलंकाबाट स्वदेश आगमन पछि उहाँमा बुद्धधर्म प्रचार-प्रसार गर्नमा मात्र होइन आफ्नै मातृभाषा (नेपालभाषा) को उत्थानका लागि केही काम गर्नुपर्छ भन्ने दृढ मनोकांक्षा बृद्धि भएको देखिन्छ । युवा भन्तेमा यो उत्कृट इच्छा र जोश हुनु स्वाभाविक पनि हो । अन्य भाषाप्रति समान हिसाबले सम्मान देखाउँदा देखाउँदै पनि आफ्नै मातृभाषामा रेडियो नेपालले दिने समाचार प्रसारण सरकारले रोक्दा एवं 'जीवन दबू' भन्ने कार्यक्रममा समेत रोक लगाउँदा त्यसका विरूद्ध आन्दोलनमा सकृय हुनपुग्दा उहाँ झण्डै खोरमा थुनिन पुग्नुभएन । तर पनि आफ्नो धर्म र भाषाप्रतिको निष्ठा र सेवाभ-भावमा कुनै कमी आएन । उहाँको प्रकाशित विविध लेख तथा पुस्तकहरूले यस कुरालाई पुष्टि गर्दछ । खासगरी धर्मोदय पत्रिकामा लेखहरू र बुद्धधर्मसम्बन्धी पुस्तकहरू प्रकाशनमा मात्र



Downloaded from http://dhamma.digital

उहाँ सीमित हुनु भएन, बौद्ध पत्रिका 'आनन्द भूमि' को पनि प्रधान सम्पादक समेत दायित्व निभाइ उहाँले आफ्नो धर्म, भाषा र साहित्यको उत्थान, अभिबृद्धि र उन्नतिका लागि काम गर्नुभएको छ । यस्तो काममा उहाँको बढ्दो उमेरले पनि छेकेको छैन ।

कुमार भन्तेउपर हामी बालक हुँदा हामीले (अहिले सम्झंदा त्यो हामी बेवकुफ भएको उदाहरणजस्तो लाग्छ) साह्रै उपद्रवी व्यवहार पनि गर्दथ्यौं । तिनताक उहाँ स्कूलको सुपरिन्टेन्डेन्ट हुनुहुन्थ्यो । तर म, मेरो सहपाठी महेन्द्रवीर सिंह कंसाकार र हामीभन्दा सिनियर हिरा बहादुर (एच. बी.) स्थापित तीनजना पनि उहाँको कोठामा सुत्थ्यौं । त्यसबेला प्रत्येक शुक्रवार उहाँ पाटन जानुहुन्थ्यो र त्यहाँ नै बस्नुहुन्थ्यो । उहाँको अनुपस्थितिमा हामीलाई उहाँले संकलन गरी छाडिजानुभएको प्रत्येक चीजवस्तुमा कौतुहलता जाग्दथ्यो । शुक्रवारको राति हामी विनाअंकुशका हात्तीजस्तै नै हुन्थ्यौं । एकदिन उहाँको दराजमा पोष्टीगं (पुष्टकारी) भएको शिशी फेला पार्‍यौं । साथीहरू १२, १३ वर्षका अल्लारे नै थियौं । "भन्ते नभएको बेलामा खानुहुन्न" भन्दाभन्दै दुईजनाले हारालुछ गर्न थाले । म पनि अब त बचिंदैन बा भनेर लोभमा फसिहालें । शिशीको पोष्टिगं एउटै बाकी रहेन ! भोलिपल्ट कुमार भन्ते फर्कनुभयो । उहाँलाई त्यस कुराको पहिले हेक्कै रहेन । पछि थाहा पाएपछि हाम्रो हालत के भयो होला ? हामीले एक अर्कालाई दोष देखाएर आफू चोखो हुने नीति लियौं । त्यसबाट कुमार भन्ते खुसी हुने त सवाल नै थिएन । उहाँले लठ्ठी ल्याउनुभयो । हाम्रो होशहवास गुम ! "अब पाइने भयो पोष्टीगंको स्वाद, दुईचार दनक त पाइने भयो बा भनेर" तर कुमार भन्तेले हाम्रो भयभित अनुहार पढ्नुभयो कि वा यी नादान केटाहरू हुन् भन्ने सम्झनुभयो होला सायद । त्यसपछि भन्नुभयो– "तिमीहरूले नसोधिकन किन खायौ ? मलाई सोधेको भए त सबै दिन्थें नि !"



Downloaded from http://dhamma.digital

हामी लज्जित भयौं । हामीले क्षमा माग्यौं र अबदेखि यस्तो हरकत नगर्ने प्रण गर्‍यौं । सहृदयी भन्तेले हामीलाई सजिलै माफी दिनुभयो ।

जीवनको कर्तव्य पालनको दौरानमा म देशविदेश धेरै चाहारें । धेरै सज्जन र दुर्जनहरूको पनि संगत भयो । कतै जाँदा पनि कुमार भन्तेजस्तो सहृदयता, सज्जनता र शालीनताले भरेको व्यक्तित्व फेला पार्न सकेको छैन । तसर्थ जहाँ गएपनि, जता गएपनि फर्केर आएपछि उहाँको दर्शन गर्न जानु मेरो नियमित कर्तव्यजस्तो भइसकेको छ ।

अनि उहाँसँगको वार्तालाप निश्छल र निष्कपट ढङ्गको भएको तथा उहाँको बौद्धिक प्रतिभाको सरल प्रस्तुतीकरणले उहाँसँग सदैव साथै बसिरहुँजस्तो लाग्दछ । नेपालको वर्तमान संवेदनशील अवस्था बारे चर्चा हुँदा उहाँ भन्नुहुन्छ- "शान्ति नेपालीहरूको चाहना हो । तर शान्तिको कामना गर्नु एउटा कुरा हो, त्यसको लागि वास्तविक रूपमा काम गर्न हामी नेपालीहरू पहिले आफू शुद्ध र अनुशासित हुनुपर्दछ । आफूले गर्नुपर्ने कर्तव्य पुरा नगरीकन शान्तिको अर्थ हुँदैन । आफू सदाचारी र नैतिकवान नभइकन हामी अरूको भलाइ गर्न सक्तैनौं ।" अनि भगवान् बुद्धको अमृत वाक्यहरूको स्मरण गर्दै उहाँ भन्नुहुन्छ-

**"नहि वेरेन वेरानि-सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति-एस धम्मो सनन्तनो ।।**

अर्थात् रीसले वैरभाव शान्त हुने हैन, प्रेमभावले मात्र वैरभाव शान्त हुनसक्छ; यही सनातनदेखि चलिआएको धर्म हो ।"

सायद उहाँजस्तो सदाचारी, त्यागी र करूणाका धनी व्यक्तित्वलाई हामी नेपालीहरूले वा नेपालले उपयुक्त ढङ्गले कदर गर्न बाकी नै छ । तर खुसीको कुरा के छ भने म्यानमार सरकारले उहाँको उचित र सम्मानित ढङ्गले कदर गरेको छ



Downloaded from http://dhamma.digital

**'अग्गमहासद्धम्मजोतिकधज'** भन्ने उपाधि २०५९ सालमा प्रदान गरेर । यसभन्दा अगाडि २०५८ सालमा श्रीलंकाको विद्यालंकार पिरिवेण (कलेज) ले उहाँलाई **'विद्यालंकार पद्म भूषण'** भन्ने उपाधिले विभूषित गरेको थियो ।

कुमार भन्ते अब ८० वर्षभन्दा बढी, ८४ वर्षको हुनुभएको छ । यो वृद्धावस्थामा पनि उहाँको शरीरमा गतिशीलता छ । डाइबेटीजको बिमारी छ, पेटको खराबी छ, ब्लडप्रेसरले आक्रान्त पनि हुनुहुन्छ । परन्तु यी शारीरिक उल्झनले उहाँलाई निराश पारेको छैन । कुनै श्रद्धालु उपासक-उपासिकाले बोलाएको बखत उहाँ 'आउँदिन' भन्नुहुन्न । तर आफूलाई दानदातव्यबाट केही प्राप्त भएमा उहाँ संग्रह गरी राख्नुहुन्न । मलाई याद भएसम्म, यसरी प्राप्त खाद्यवस्तु भए विद्यार्थीहरूलाई खुवाउने, पैसा प्राप्त भए त्यसबाट तीनै विद्यार्थीहरूका लागि खेलकूदका सामानहरू किनिदिने, गरीब गुरूवाहरू भेटेमा तिनीहरूलाई पनि सक्दो सहयोग गर्ने उहाँको सराहनीय बानी थियो र अहिले पनि छ । हामी पुराना विद्यार्थीहरू प्रति उहाँको यो अनौठो वात्सल्य प्रेम थियो– बाबुको छोराहरू माथिको स्नेहजस्तो कुमार भन्ते भने पछि हुरूक्क हुने अझै पनि मेरा थुप्रै साथीहरू छन् ।

पुराना विद्यार्थीहरूको सम्झना गर्दा उहाँ आफूलाई अविस्मरणीय भएको एउटा घटना बताउनु हुन्छ, "घटना पोखरामा अनदु डाँडामा निर्माण भएको चैत्यसँग सम्बन्धित छ । सरकारले त्यो चैत्य भत्काएर बौद्ध जनताको हृदयमा आघात पुऱ्यायो । त्यसको विरोधमा तत्कालीन प्रधानमन्त्री (वर्तमान कै) सूर्य बहादुर थापा कहाँ बुद्धघोष महास्थविर र भिक्षु सुदर्शनसँग सम्मिलित भई प्रतिनिधिमण्डलको सदस्यको रूपमा सिंहदरवारमा जाँदा एकजना प्रहरी अधिकृत हाम्रो सामू आयो । उनले हामीलाई पत्राउ गर्न



Downloaded from http://dhamma.digital

आएजस्तो लागेको, तर होइन रहेछ; उनले आफ्नो दायाँ हात शीरमा लगी खुट्टा बजारेर मलाई सलाम ठोकेर भन्यो, 'भन्ते ! मलाई चिन्नु भएन ? म तपाइको विद्यार्थी ध्रुव श्रेष्ठ । अहिले प्रहरीमा छु ।' म त आश्चर्य चकित भएं । कति सम्मान गर्दा रहेछन् मलाई यी मेरा विद्यार्थीहरू !?"

अपार निस्वार्थ गुणहरूले भरिपूर्ण कुमार भन्तेसम्बन्धी यस्ता घटनाहरू धेरै छन् । निश्चय नै उहाँ एउटा असल नेपाली, विद्वान बौद्ध भिक्षु र आजको सन्दर्भमा एउटा अनुपम व्यक्तित्व हुनुहुन्छ ।



**आमा अ. मुदिता तथा गृहस्थ नातागोताका साथ भिक्षु कुमार काश्यप**


उहाँ हामी सबैका श्रद्धाका पात्र हुनुहुन्छ । उहाँको दीर्घजीवनका लागि हामी प्रार्थना गरौं ।

(श्रोत : कोण्डन्य, संस्मरण : भिक्षु कुमारकाश्यप महास्थविर,

नेपाल लिपि गुथि, ने.सं. ११२४, वि.सं. २०६१)



Downloaded from http://dhamma.digital




# पाल्पाको बौद्ध गतिविधिमा भिक्षु कुमार काश्यपको देन

- छत्रराज शाक्य, तानसेन

## १. विषय प्रवेश :

भगवान् बुद्धको जन्मस्थल लुम्बिनीबाट करीब ९५ कि.मी. उत्तरमा पाल्पा जिल्लाको सदरमुकाम तानसेन पर्दछ । बुद्धकालीन कपिलवस्तु राज्य कोलिय देवदह राज्य आदि पाल्पाको नजिकै तराई प्रदेशमा पर्ने हुँदा बुद्धकालदेखि नै पाल्पा बुद्धधर्म प्रभावित क्षेत्र भन्नुमा अत्यूक्ति हुने छैन । पछि राजा मुकुन्द सेनको पालामा ती बुद्धकालीन स्थलहरू वृहत पाल्पा राज्यको सीमाभित्र पर्दथ्यो । करीब ७५ वर्ष अघिदेखि नेपालमा थेरवादी बुद्धधर्मको पुनर्जागरणको लहर काठमाडौं उपत्यकामा चल्न थालेपछि विस्तारै यो पुनर्जागरणको लहर तानसेन पाल्पामा पनि गति लिन थाल्यो । यही क्रममा तानसेनका शाक्य-वज्राचार्य परिवारका कुलपुत्रहरू धमाधम प्रव्रजित



Downloaded from http://dhamma.digital

भई थेरवादी बौद्ध भिक्षु हुनथाले । भिक्षु शाक्यानन्द (भोजपुर) वि.सं. १९८९ मा, भिक्षु अमृतानन्द १९९३ मा प्रव्रजित हुनुभएपछि, तेस्रो चरणमा भिक्षु चुन्द र भिक्षु कुमार काश्यप १९९९ सालमा प्रव्रजित हुनुभयो । त्यसपछि भिक्षु विमलानन्द, भिक्षु ज्ञानपूर्णिक प्रव्रजित भए । यसरी नेपालको थेरवादी बुद्धशासनलाई राष्ट्रिय अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बौद्ध विद्वान, योग्य, बहुप्रतिभाशाली व्यक्तित्व, बौद्ध भिक्षुहरू दिएर पाल्पा जिल्लाले निकै महत्वपूर्ण स्थान हासिल गरेको छ ।

**२. भिक्षु कुमार काश्यपको संक्षिप्त जीवनी र शिक्षाः**

आचार्य भिक्षु कुमार काश्यप महास्थविरको जन्म वि. सं. १९८३ मा तानसेनको टक्सार टोलमा भएको थियो । उहाँको गृहस्थी नाम अष्टमान शाक्य थियो । उहाँको जन्म माता तेजलक्ष्मी शाक्य (अनागारिका मुदिता) र पिता सन्तमान शाक्यबाट भएको थियो । उहाँको लालन-पालन विशेष रूपमा आमाबाटै भएको थियो । बाल्यकाल तानसेनमा नै बित्यो । बालकदेखि उहाँको स्वभाव सन्तोषी, सरल एवं स्वच्छ थियो । उहाँको प्रारम्भिक शिक्षा तानसेनमा नै भयो । बि.सं. १९९९ मा भिक्षु अमृतानन्द महास्थविरको आग्रहमा भिक्षु प्रज्ञानन्द महास्थविर तानसेन आउनुभई आनन्द विहारमा वर्षावास बस्नुभएको थियो । प्रज्ञानन्द भन्तेको धर्मोपदेशबाट तानसेनका केही युवा-युवतीहरू निकै प्रभावित भई गृहत्याग गरी प्रव्रजित हुनखोजेका थिए । सूर्जलाल वज्राचार्य र अष्टमान शाक्य दुईजना युवकहरू गृहत्याग गरी भिक्षु प्रज्ञानन्दसँगै कुशीनगर पुगे । भिक्षु चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा वि. सं. १९९९ माघ १२ गते क्रमशः श्रामणेर चुन्द र श्रामणेर कुमार हुनुभयो ।



Downloaded from http://dhamma.digital

बि. सं. २००१ मा श्रामणेर कुमार श्रीलंका जानुभई विद्यालंकार परिवेण विद्यालयमा दशवर्ष अध्ययन गरी अन्तिम अवसान परीक्षा उत्तीर्ण हुनुभयो । अध्ययनकै क्रममा बि. सं. २००८ कार्तिक २७ गते आनन्दकुटी विहारको सीमागृहमा बर्माका भिक्षु कोविद महास्थविरको उपाध्यायत्वमा उपसम्पदादीक्षा ग्रहण गर्नुभयो । पुनः श्रीलंकामा नै बौद्ध ग्रन्थ त्रिपिटक अध्ययन गर्नुभई नेपालकै प्रथम त्रिपिटकाचार्य हुनुभएकोमा पाल्पाको लागि गौरव हुनगयो ।

पछि भारतबाट **महासद्धम्म परियत्ति प्रदीप** र श्रीलंकाको विद्यालंकार परिवेण (कलेज) बाट **विद्यालंकार पद्मभूषण** उपाधि पनि प्राप्त गर्नुभयो । बर्मा सरकारबाट नेपालमा बुद्धधर्म प्रचार-प्रसार गर्नमा महत्वपूर्ण योगदान दिनुभएबापत उहाँलाई **'अग्गमहासद्धम्मजोतिकधज'** उपाधिबाट विभूषित गरिएको छ ।

**३. पाल्पाको गतिविधिमा उहाँको योगदान :**

श्रीलंकाबाट बुद्धधर्म दर्शनको अध्ययन समाप्त गरी नेपाल फर्कनुभई आनन्दकुटी विहारमा नै स्थायी रूपमा बस्दै आउनुभएको छ । पाल्याका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त भिक्षु अमृतानन्द महास्थविरलाई धर्म प्रचार-प्रसार कार्यमा उहाँले निकै सघाउनुभयो । यसरी राजधानीमा बस्नुभए पनि आफ्नो जन्मभूमि तानसेन पाल्पा बराबर आउनुभई भगवान् बुद्धका उपदेशहरू, बुद्ध-दर्शन, ध्यान भावना आदि विषयमा सारगर्भित धर्मदेशनाहरू दिनुभई पाल्पाली बौद्धहरूलाई धर्म-रसपान गराउँदै आउनुभएको छ ।

श्रद्धेय भन्तेको बौद्ध ग्रन्थ त्रिपिटिकका गहन आध्यात्मिक विषयलाई पनि सरल एवं सुमधुर शैलीमा धर्मोपदेश गर्ने प्रभावकारी शैलीलाई पाल्पाली उपासक-उपासिकाहरूले सोधिरहन्छन् । तानसेनका आनन्द विहार, महाचैत्य विहार, बुद्ध विहार होलाङ्दी,



Downloaded from http://dhamma.digital

महाबोधि विहारहरूमा समय-समयमा आउनुभई आयोजित धार्मिक समारोहमा धेरै पटक बुद्धधर्मका सारगर्भित धर्मदेशनाहरू दिनुभएको छ । पूज्य भन्तेले धर्मदेशनाको माध्यमबाट तानसेन पाल्पाका उपासक-उपासिकाहरूमा बौद्ध चेतना जागरण गर्नमा महत्वपूर्ण भूमिका निभाउनुभएको छ ।

बि.सं. २००४ देखि ज्ञानमाला संघ र ज्ञानमाला सभा, पछि अन्य बौद्ध संघ-संस्थाहरू स्थापना भएपछि, संस्थागत विकास, बुद्धधर्म प्रचार-प्रसार गर्न मार्ग निर्देशन दिनुभई, आर्थिक र अन्य माध्यमहरूबाट सहयोग गर्न आउनुभएको छ ।

तानसेनमा जब-जब बौद्ध धार्मिक समारोहहरू महापरित्राण समारोह, श्रद्धेय भन्तेहरूको अभिनन्दन समारोह, बौद्ध हाजिरी जवाफ कार्यक्रम, संस्थाहरूको स्वर्णजन्मोत्सव समारोह आदिमा, त्यस्तै विहार र संस्थाहरूले आमन्त्रण गर्दा बराबर पाल्नुहुने गर्नु हुन्छ । यी सबै बौद्ध कार्यक्रममा आफूले सक्दो सक्रिय रूपमा भूमिका निभाउँदै आउनुभएको हामीले पाएका छौं । तानसेनबाट प्रकाशित हुने धार्मिक पत्रपत्रिकाहरूमा शुभकामना, बुद्धधर्मसम्बन्धी लेख, रचनाहरू बराबर पठाउनुभएर पाल्पावासीलाई कृतार्थ गर्नुभएको छ । यति मात्र होइन, बुद्धधर्मका नयाँ पुस्तकहरू र आफ्नो नयाँ कृति पुस्तकहरू प्रकाशित हुँदा हामीहरूलाई स्नेहपूर्वक संझनुभई बराबर पठाउने गर्नुहुन्छ । उहाँ तानसेन आउनु हुँदा, ज्ञातिबन्धुहरू, नाता कुटुम्बहरू, उपासक उपासिकाहरूमा एक प्रकारको हर्ष र उल्लासको वातावरण छाउँदछ, सबैले कुमार भन्ते आउनुभएको छ रे भन्दै घर-घरमा भोजनको लागि निमन्त्रणा गर्ने घुइँचो लाग्ने गर्दछ ।

**४. करुणा बौद्ध संघको संरक्षक र धम्मानुसासकको रूपमा :**

आचार्य भिक्षु अमृतानन्द महास्थविरको परिकल्पना र



Downloaded from http://dhamma.digital

अथक प्रयासको फलस्वरूप आफ्नो जन्मभूमि तानसेनको होलाङ्दीमा बुद्ध विहार निर्माण २०२९ सालमा थालनी भई २०३२ सम्म धेरै नै निर्माण भैसकेको थियो । बि. सं. २०४२ देखि २०५१ सम्म कुनै पनि संस्थाले रेखदेख गर्न, हेर्न नसक्दा निर्मित भवनहरू चुहिने पर्खाल आदि भत्कने भएर बेवारिसे अवस्थामा पुगेको थियो । सोही अवधिमा काठमाडौं गएको बेला आनन्दकुटी विहारमा गई श्रद्धेय अमृतानन्द भन्तेलाई भेट्न जाँदा प्रसङ्गवस उहाँले यी पंक्तिका लेखकलाई




"होलाङ्दीको बुद्ध विहारलाई मर्मत-संरक्षण गर्नु पर्‍यो, तिमी यस्मा लाग्नु पर्‍यो" भनी भन्नुभएको थियो । पछि भन्तेको सोही आज्ञालाई स्मरण एवं पालन गरी २०५१ सालदेखि यो विहारको मर्मत एवं संरक्षण कार्यमा लाग्न थालें । यही क्रममा बि. सं. २०५३ वैशाख २८ गते श्रद्धेय शाक्यानन्द भन्तेको संरक्षकत्वमा **"करुणा बौद्ध संघ"** को गठन एवं स्थापना यही विहारमा भयो ।



Downloaded from http://dhamma.digital

प्रथम चरणमा विहारको भत्केबिग्रेको खण्डको मर्मत पुन: निर्माण गर्ने, नयाँ निर्माण गर्ने, बाकी कार्य निर्माण गरी विहारको विकास गर्ने साथै बुद्धधर्मको प्रचार-प्रसार गरी बौद्ध गतिविधि अगाडि बढाई बुद्ध विहार होलाङ्दीलाई एउटा बौद्ध केन्द्रको रूपमा विकसित गर्ने उद्देश्य बोकेको करुणा बौद्ध संघले थोरै समयभित्र विहारको मर्मत, निर्माण कार्य धेरै नै सम्पन्न गरिसकेको सबैमा विदितै छ । स्थापना वर्षमा पश्चिमाञ्चलमा नै पहिलो रूपमा "करुणा बौद्ध पुस्तकालय" स्थापना गऱ्यो र सो को संरक्षकको भार हाम्रो निवेदनअनुसार श्रद्धेय कुमार भन्तेले वहन गर्नुहुने अनुमति दिनुहुँदा हामीलाई गौरव एवं हर्षको अनुभूति भयो । करूणा बौद्ध पुस्तकालयको विकासमा कुमार भन्तेले पालि त्रिपिटक ग्रन्थ सम्पूर्ण सेटसहित प्रदान गर्नुको साथै बराबर अन्य विभिन्न पुस्तकहरू पठाइरहनु हुन्छ साथै बेला बेलामा आर्थिक सहायता पनि प्रदान गर्नुभएको छ । बि. सं. २०५४ मा नेपालका संघनायक भिक्षु शाक्यानन्द महास्थविरको निधन भएपछि सोही वर्षदेखि भिक्षु कुमार काश्यपलाई करूणा बौद्ध संघको संरक्षक एवं धम्मानुसासकको रूपमा पाएका छौं ।

बि. सं. २०५३ मा करूणा बौद्ध संघले अखिल नेपाल भिक्षु महासंघको अध्यक्षको रूपमा भिक्षु कुमार काशयप महास्थविरलाई तानसेन पाल्नु हुन निमन्त्रणा गरेअनुसार मार्ग महिनामा आउनुभई करूणा बौद्ध संघको संयोजनमा एघार दिवसीय विविध कार्यक्रमहरूमा सहभागी हुनुभयो ।

पहिलो दिन २०५३ मार्ग २१ गते संघनायक भिक्षु शाक्यानन्द महास्थविर र भिक्षु कुमार काश्यप महास्थविरको विशेष समुपस्थितिमा बुद्ध विहार होलाङ्दीको धम्मसभा कक्षमा करूणा बौद्ध संघको विशेष साधारण सभा सम्पन्न भएको थियो । अध्यक्ष छत्रराज शाक्यबाट प्रगति प्रतिवेदन र कोषाध्यक्ष वीरेन्द्र काजी शाक्यबाट आयव्यय प्रतिवेदन प्रस्तुत गरेका थिए । सो



Downloaded from http://dhamma.digital

बैठकमा भिक्षु कुमार काशयपले थोरै समयमा करुणा बौद्ध संघले गरेको प्रगति र विशेष बुद्ध विहार होलाङ्दीको मर्मत कार्य गरी धार्मिक कार्यक्रम बराबर संचालन गरेकोमा हर्ष व्यक्त गर्नुहुँदै, बौद्ध गतिविधि र करूणा बौद्ध पुस्तकालयको विकास अघि बढाउन विशेष मार्ग निर्देशन दिनुभएको साथै सुभेच्छा व्यक्त गर्नुभएको थियो । यसपछि विभिन्न विहारहरूमा सम्बन्धित संस्थाबाट आयोजित धार्मिक कार्यक्रमहरूमा कृपापूर्वक उपस्थित हुनुभई बुद्धधर्मसम्बन्धी सारगर्भित धर्मदेशना-प्रवचन गर्नुभएको थियो । सप्ताहब्यापी कार्यक्रमले पाल्पाका बौद्ध समुदायको जनमानसमा निकै राम्रो सकारात्मक प्रभाव परेको थियो । झण्डै दुई सप्ताहसम्म कुमार भन्ते निकै ब्यस्त रहनुभई अन्तमा उहाँले करूणा बौद्ध संघको आगन्तुक पुस्तिकामा आफ्नो अभिव्यक्ति यसरी लेख्नुभयो- "आफ्नो जन्मभूमि तानसेनमा करूणा बौद्ध संघको अध्यक्षको आग्रहअनुसार आएको छु । यो साल (२०५३) यहाँ आएको गत अरू वर्षभन्दा यो वर्षको आगमन बडो सहर्षपूर्वक सम्पन्न भयो । विशेष मलाई बडो हर्ष भएको करूणा बौद्ध गतिविधि र चिर्तुङ्धारा गा. वि. स. पाल्पामा भएको "करूणा निशुल्क स्वास्थ्य शिविर" कार्यक्रममा सहभागी हुनपाएको मेरो निम्ति ठूलो उपलब्धि भएको छ तथा करूणा बौद्धको गतिविधि योभन्दा भव्यरूपले अगाडि बढ्दै जाओस्, धार्मिक क्षेत्रमा पनि विशेष ध्यान राखेर कार्य गर्दै जान सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।"

यसरी करूणा बौद्ध संघको माध्यमबाट बौद्ध गतिविधि अगाडि बढाउने बुद्धधर्म प्रचार-प्रसार गर्ने, पुस्तकालयको विकास गर्ने, विहारको संरक्षण गर्ने आदि जुनसुकै कार्यहरूमा प्रेरणा दिनुहुने, हर तरहले सहयोग गर्नुहुने मार्गदर्शक, संरक्षक एवं धम्मानुसासकको रूपमा श्रद्धेय भन्तेलाई हामीले पाएका छौं ।



Downloaded from http://dhamma.digital


**५. पाल्पाको शिक्षा क्षेत्रको लागि छात्रवृत्ति अक्षय कोषको स्थापना :**

आफ्नो जन्मभूमि तानसेन पाल्पा शिक्षाको क्षेत्रमा पनि विकास होस्, गरीब तथा जेहेन्दार विद्यार्थीहरूले शिक्षाको उज्यालो घामबाट वञ्चित हुन नपरोस् भन्नाको लागि वि. सं. २०४९ देखि श्रद्धेय भन्तेले रु ५०,०००/- को **"भिक्षु कुमार काश्यप छात्रवृत्ति अक्षय कोष"** तानसेनमा नै स्थापना गर्नुभएको छ । उहाँको ईच्छाअनुसार एउटा छात्रवृत्ति समिति गठन गरी प्रत्येक वर्ष मोहन कला उच्च माध्यमिक विद्यालय, महेन्द्र बोधि मा. वि. र सेन मा. वि. का विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने कार्य संचालन भइरहेको छ । यसको साथै पुनः वि. सं. २०५८ देखि आफ्नो माता **"अनागारिका मुदिता स्मृति अक्षय कोष"** रु ५०,०००/- को स्थापना गर्नुभई माध्यमिक र उच्च मा. वि. का विशेष गरेर गरीब तथा जेहेन्दार छात्राहरूलाई छात्रवृत्ति वितरण गर्दै आएको छ । हालसम्म जनता उच्च मा. वि. पद्म पब्लिक उच्च मा. वि. र श्रीनगर विज्ञान उच्च मा. वि. का विद्यार्थीहरूलाई पनि छात्रवृत्ति वितरण गर्दै आएको छ ।

भिक्षु कुमार काश्यप अक्षय कोषबाट करूणा बौद्ध संघ र पुस्तकालयलाई प्रत्येक साल आर्थिक सहयोग प्रदान गर्दै आएको छ । यसरी हेर्दा पाल्पाको बौद्ध गतिविधि बढाउनुमा, बुद्धधर्मको विकासमा भिक्षु कुमार काश्यपको योगदान महत्वपूर्ण रहेको छ । यतिमात्र होइन, राजधानीमा बस्नुभई आनन्दकुटी विद्यापीठमा सुपरिवेक्षकको रूपमा, आनन्दभूमिको प्रधान सम्पादकको रूपमा, आनन्द कुटी विहार गुठी र अखिल नेपाल भिक्षु महासंघको अध्यक्षको हैसियत र विभिन्न गहकिला बौद्ध पुस्तक लेख्नुभई नेपालको थेरवादी बुद्धधर्मको क्षेत्रमा एउटा प्रमुख बौद्ध व्यक्तित्वको रूपमा, नेपालको थेरवादी बुद्धशासनलाई सुदृढ एवं विकसित तुल्याउनुमा श्रद्धेय कुमार भन्तेको महत्वपूर्ण योगदान रहेको निर्विवाद छ ।



Downloaded from http://dhamma.digital



श्रद्धेय कुमार भन्तेलाई मैले सानैदेखि चिन्दछु । तानसेनका विहारहरूमा उहाँका ओजपूर्ण एवं विद्वतापूर्ण तर सुमधुर शैलीमा दिनुहुने धर्मदेशनाहरूबाट म धेरै अगाडिदेखि प्रभावित भएको छु । ४० सौं वर्षको उहाँको सान्निध्यले मैले धेरै कुरा सिक्नपाएको छु, बुझ्नपाएको छु । कुमार भन्ते मृदु र कोमल हृदयको हुनुहुन्छ । कसैको दुःखलाई हेर्न सक्नुहुन्न, आफूले सकेको सहयोग गरिहाल्नु हुन्छ ।

उहाँबाट मैले एउटा दाजुको स्नेह र अपनत्व पाएको छु । कुमार भन्ते विनीत, सुशील, सरल र स्वच्छ, सन्तोषी, निराभिमानी विनयधर, त्रिपिटकधर हुनुको साथै नेपालका एक प्रतिभाशाली विद्वान बौद्ध व्यक्तित्व भिक्षु हुनुहुन्छ ।

अन्तमा, श्रद्धेय कुमार काश्यप महास्थविर भन्तेको को ८४ वर्षको शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा करुणा बौद्ध संघ, बुद्ध विहार, होलाङ्गदी परिवारको तर्फबाट एवं पाल्पाका सम्पूर्ण बौद्ध उपासक-उपासिकाहरूको तर्फबाट सुखशान्ति, सुस्वास्थ्य र दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना एवं साधुवाद चढाउँदछु ।

(श्रोत : कोण्डन्य, संस्मरण : भिक्षु कुमारकाश्यप महास्थविर, नेपाल लिपि गुथि, ने.सं. ११२४, वि.सं. २०६१)



Downloaded from http://dhamma.digital



# हामी दुबैजना नङ र मासुजस्तै मिलेका साथी हौं

- भिक्षु अश्वघोष महास्थविर

भिक्षु कुमार काश्यप पाल्पा तानसेनमा जन्मनुभयो भने मचाहिं ललितपुर वकुबहाल टोलमा जन्में । उहाँ मभन्दा तीन महिना कान्छो, म जेठमा जन्मिएँ भने उहाँ श्रावण महिनामा । तर प्रव्रजित हिसाबले उहाँ म भन्दा ३ वर्ष जेठो हुनुहुन्छ र उपसम्पदा हिसाबले म उहाँभन्दा तीनवर्ष जेठो भएं । उहाँ श्रद्धेय प्रज्ञानन्द महास्थविरको आचार्यत्वमा अर्कानामा जन्मेका पूज्य चन्द्रमणी महास्थविरको उपाध्यात्वमा प्रव्रजित भएर श्रामणेर कुमारको रूपमा किण्डोल विहारमा बस्नुभएको थियो । त्यसबेला पूज्य प्रज्ञानन्द महास्थविर, पूज्य धर्मालोक महास्थविर तथा पूज्य अमृतानन्द महास्थविर आदि



Downloaded from http://dhamma.digital

किण्डोल विहारमा बस्नुहुन्थ्यो, ठीक सालचाहिं थाहा भएन, १९९६ साल होला । म त्यसताका भिक्षुहरूको सेवागर्ने बुद्धरत्न शाक्य उपासक १३ वर्षकै मात्र थिएँ । भिक्षु कुमार काश्यप पनि आमाको प्रेरणाले प्रव्रजित भए । म पनि मेरी आमा लक्ष्मीमाया शाक्यको प्रेरणामा प्रव्रजित भएं । मेरी आमाले पूज्य अमृतानन्द भन्तेलाई जिम्मा लगाइन् । उहाँ अमृतानन्द भन्तेले ज्योतिषकहाँ मेरो जन्म कुण्डली देखाउँदा काम लाग्ने मान्छे हो, धर्मप्रचारको काम गर्नेछ भने रे । यो कुरा धेरै वर्षपछि मात्र लोकरत्न तुलाधर उपासकबाट थाहा पाएँ । यो कुरा सुनेर अचम्म भएँ म । पूज्य अमृतानन्द भन्तेको तर्फबाट र श्रद्धेय महानाम भन्तेको सहयोगबाट श्रीलंकामा पढ्न गएँ, सन् १९४४ को सुरूमा । त्यही सालमा हो कि एक वर्ष पछि श्री ३ जुद्धशम्शेरको पालामा थेरवादी भिक्षुहरूलाई नेपालबाट निष्काशन गरियो । ८ जना भिक्षु श्रामणेरहरूमा श्रामणेर कुमार पनि परे । भाग्यवश भनूं अथवा अभाग्यवश म ऐतिहासिक व्यक्ति बन्न सकिन । श्रामणेर कुमारचाहिं त्यस्मा परेको, उहाँ ऐतिहासिक व्यक्तित्व बन्न पुगे । उहाँ श्रीलंकामा पुग्नुभयो र राजधानीबाहिर पान्तिय नाउँको प्रान्तमा सानो भिक्षु विद्यालयमा पढ्न जानुभयो । उहाँ २०-२५ जना भिक्षुहरूसँगै आवासीय रूपमा बस्नुभयो । श्रामणेर कुमारले त्यहाँ भात पकाएर भाँडा माझ्नु पर्नेभयो । त्यो श्रामणेरहरूले गर्नुपर्ने काम थियो ।

म पनि राजधानीबाहिर मातर भन्ने प्रान्तमा महामन्तिन्द भिक्षु विद्यालयमा पढें । त्यहाँ पनि २५-३० जना भिक्षुहरूसँगै आवासीय रूपमा बसेर पढ्दथें । मैले पनि भात पकाएर भाँडा माझ्ने मौका पाएँ । पछि उहाँ राजधानी कोलम्बोमा विद्यालंकार भिक्षु महाविद्यालयमा सर्नुभयो । उहीं त्रिपिटक पढेर पारंगत हुनुभयो । ठूलो स्नातकोत्तर तहको उपाधि हासिल गर्नुभयो । म पनि कोलम्बोमा प्रसिद्ध श्री महाविहारमा सरें । मैलेचाहिं केही पनि परीक्षा पास गरेको थिइनं । व्यक्तिगत रूपमा पालि भाषा र बुद्धको शिक्षा पढें । मलाई



Downloaded from http://dhamma.digital

पढाउने गुरू भिक्षुहरु दुईजना साह्रै पक्का र योग्य विद्वान थिए, किनभने उहाँहरूले सही बुद्धको उपदेश के भन्ने बुझ्नेगरी पढाउनुभयो । बुद्धको उपदेश र शिक्षा वास्तवमा के हो र पछि त्रिपिटकमा कतिसम्म ब्राह्मणवाद मिसिएको छ भन्ने छुट्याएर पढाउनुभयो ।

साथी भिक्षु कुमार काश्यप बिरामी पर्नुभयो । उहाँ अस्पतालमा भर्ना हुनुभयो । बिरामी पर्दा खेरी मन कमजोर हुने गर्दछ । म समय-समयमा अस्पतालमा गएर हेर्न जान्थें । केही सेवागर्ने मौका पाएँ । अरू अरू बिरामी कहाँ धेरै आफ्ना आफन्तहरु आएर हेर्न आउँथे तर श्रामणेर कुमार अस्पतालमा हुँदा म र न्हुछे बहादुर वज्राचार्य बराबर अस्पतालमा जान्थ्यौं । त्यसले गर्दा उहाँलाई धैर्य बढ्न गएको महसूस भयो । पछि म पनि विरामी भएँ र अस्पतालमा भर्ना भएँ । अनि उहाँले पनि अस्पतालमा मेरो सेवा गर्नुभयो ।

म ८ वर्ष श्रीलंकामा बसें । सन् १९५२ मा नेपाल फर्केर आएँ । सारिपुत्र मौद्गल्यायनहरूको अस्थिधातु नेपाल आगमनकै क्रममा साथी कुमार काश्यप नेपालमा आउनुभयो । उहाँ १० वर्ष श्रीलंकामा बसेर फर्कनुभयो ।

म, भिक्षु कुमार काश्यप र भिक्षु सुदर्शन भेलाहुँदा कुराचल्यो, छलफल भयो कि नेपालमा कुन तरिकाले बुद्धको शिक्षा र धर्म प्रचार गर्ने ? हामी तीनै जनाबीच कुराकानी मात्र भएको थिएन, हामीले स्कूलमा पढाउने, पत्रिका प्रकाशित गर्ने र पुस्तक लेखेर प्रकाशन गर्ने भनी कबुल पनि गर्‍यौं । त्यही कुराअनुसार भिक्षु सुदर्शनले धर्मोदय पत्रिकाको सम्पादन गर्नुभयो । म आनन्दकुटी विद्यापीठको व्यवस्थापक भएँ । म ८ वर्षसम्म स्कूलको व्यवस्थापक भएर नैतिक शिक्षा पनि पढाएँ । भिक्षु कुमार काश्यपले पनि धेरै वर्षसम्म आनन्दकुटी विद्यापीठको व्यवस्थापक भएर सेवा गर्नुभयो, भिक्षु सुदर्शनले नव विद्यापीठको व्यवस्थापनको काम गर्नुभयो, पछि म १८ वर्षसम्म नेपालको पहिलो बौद्ध मासिक "आनन्द भूमि"



Downloaded from http://dhamma.digital

पत्रिकाको प्रधान सम्पादक बनें । हाल धर्मकीर्ति पत्रिकाको प्रधान सम्पादकको काम गर्दैछु । मेरो हालसम्म लगभग ९० वटा नेपाल भाषा र नेपाली भाषा गरेर बुद्धको शिक्षा बारे पुस्तक लिखित, सम्पादित, अनुदित कृतिहरू प्रकाशित भइसकेको छ । म र साथी कुमार काश्यप मिलेर संयुक्त रूपमा "बुद्धया अर्थ नीति" नामक पुस्तक नेपाल भाषामा लेखी प्रकाशित गर्‍यौं । भिक्षु कुमार काश्यपले ठूलो मोटो आकारको "दशपारमिता र गृहीप्रतिपदा" पुस्तकहरु लेख्नुभयो र प्रकाशित पनि भइसकेको छ ।

पूज्य प्रज्ञानन्द महास्थविरको शिष्य भएर पनि भिक्षु कुमार पूज्य अमृतानन्द महास्थविरको छत्रछायाँमा आनन्दकुटीमै निरन्तररूपमा बस्नुहुँदै हाल आनन्दकुटी विहारको प्रमुख भिक्षुको रूपमा हुनुहुन्छ । त्यहाँ बसेर धर्मदेशना र विपश्यना ध्यान गर्ने कार्यक्रम संचालन गर्दै हुनुहुन्छ ।

मचाहिं पूज्य अमृतानन्द भन्तेको शिष्य भएर पनि आनन्दकुटीमा बसेर गुरूको सेवा गर्न सकिन । साथी कुमार काश्यप शाक्यसिंह विहारमा बस्नु भएन । बरू उहाँ आनन्दकुटीमा बसेर पूज्य अमृतानन्द महास्थविरका बुद्धकालीन पुस्तकहरु प्रकाशन कार्यलाई धेरै सहयोग गर्नुभयो । यस अर्थमा मभन्दा कुमार माथि पुग्नुभयो । मचाहिं आनन्दकुटीमा डेरा बस्नेजस्तै बस्न जान्थें । बनेपामा ध्यानकुटी विहार निर्माण गरी त्यहाँ बस्न जाने गरेको छु भने काभ्रेव्यापी धर्मप्रचार कार्यमा संलग्न थिएँ । यस्को लागि धर्मकीर्ति विहारको धेरै सहयोग पाएको छु ।

त्यसपछि ढल्कोमा संघाराम भिक्षु तालिम केन्द्र स्थापना गरें । भिक्षु मैत्री र द्वारीकादास श्रेष्ठ र रत्नमाया शाक्यहरूको सहयोगमा । केही वर्ष मात्र संघाराम भिक्षु तालिम केन्द्र संचालन हुनसक्यो । ममा योग्यता नभएकोले संघाराम भिक्षु तालिम केन्द्र बन्द हुनपुग्यो । यो मेरै कमजोरीले हो । तर संघाराममा जन्मेका भिक्षुहरू विशुद्धानन्द (सम्यक् सम्बोधि प्राणपुत्र) भद्दिय, आनन्द,



Downloaded from http://dhamma.digital

शोभित, सद्धातिस्स, कोलित, कोण्डन्य, सुशील, संघरक्षितहरूले धर्मप्रचार गरिरहेको सन्तोषजनक छ भन्नुपर्दा अत्यूक्ति हुँदैन होला ।

भिक्षु कुमार काश्यप मभन्दा बुद्धको शिक्षा बारे धेरै विद्वान हुनुहुन्छ । हामी दुबैजना नङ र मासुजस्तै सम्बन्ध भएको साथी हौं भन्ने माथि नै उल्लेख गरें । तर विचार धारामा ७५ प्रतिशत मात्र समान छ । धेरै कुरामा विचारधारा मिले पनि उहाँ मजस्तो प्रस्ट रूपमा बोल्नुहुन्न । मचाहिं छुच्चा बनेर मनको कुरा प्रकट गर्दछु ।



म आइमाइहरूलाई प्रव्रजितको रूपमा उपसम्पदा भिक्षुणी बनाउने पक्षमा छु । भिक्षु कुमारचाहिं तटस्थ भएर बस्नुहुन्छ । मेरो अगाडि चाहिं भन्नुहुन्छ- "भिक्षुहरू मिलेर एकमत भए भिक्षुणी बनाए के फरक पर्छ र ?" मेरो अगाडि मात्र त्यस्तो प्रकट गर्नुहुन्छ । अरूको अगाडि मौन बस्नुहुन्छ ।

भिक्षु कुमार काश्यप मभन्दा धेरै मिलनसार हुनुहुन्छ । आनन्दकुटी विद्यापीठमा बस्दाखेरी विद्यार्थीहरूसँग खूब हेलमेल हुनुहुँदा विद्यार्थीहरूको टाउकोमा हात राखी आशीर्वाद दिने गर्नुहुन्छ । सँगै बसेर हाँसी हाँसी कुरा गर्छन्, माया गर्छन् । यस अर्थमा म उहाँभन्दा तल छु । मलाई विद्यार्थीहरूले अलि घमण्डी र जोशिलो भिक्षु भनेर व्यवहार गर्छन् । हाइटेम्पो भन्ते भनेर व्यवहार गर्छन् । म भिक्षु भएर पनि मलाई खुब रीस उठ्छ, कहिलेकाहिं मलाई बोलाउँदाखेरी भिक्षु कुमार काश्यपले "ए ! झोक्कि भन्ते" भनेर बोलाउँथे । त्यसले गर्दा मेरो रिसालु स्वभाव कम भएको देखियो ।



Downloaded from http://dhamma.digital

हामी दुबैजना थेरवादी परम्पराका भिक्षु हौं । तर भिक्षु कुमार काश्यप कट्टर थेरवादी हुन् । मचाहिं कट्टरपंथी थेरवादी भिक्षु बन्न सकिनं । थेरवादी परम्पराको सबै गतिविधिको म समर्थक छुइनं । भिक्षु कुमार उपदेश दिंदाखेरी थेरवाद धर्म शुद्धधर्म हो यसको रक्षा गर्नुपर्छ भन्नुहुन्छ । मलाई भने थेरवाद शुद्धधर्म भनेर भन्नै आउँदैन । बुद्धले धर्मको मात्र उपदेश दिनुभएको थियो । थेरवाद भनेर उपदेश दिनुभएको थिएन । त्यसैले मचाहिं धर्मको रक्षा र प्रचार गर्नुपर्छ मात्र भन्छु । यस अर्थमा हामी दुबैजनाको विचारमा फरक भएको देखिन्छ ।

भिक्षु कुमार काश्यप शुद्ध धार्मिक व्यक्ति हुनुहुन्छ । मचाहिं ने.क.पा. एमालेको तर्फबाट राष्ट्रिय सभामा गएदेखि ममा राजनीतिक रङ्ग लागेको छ । त्यहाँ मैले बुद्धधर्मावलम्बीको तर्फबाट भाग लिएको हुँ । त्यहाँ बुद्धको सन्देश सुनाउन सकेकोमा सन्तुष्ट छु । तर मलाई एमाले भिक्षु भन्न मिल्दैन । किनकि म एमाले पार्टीको सदस्य होइन । समर्थक मात्र हुँ । त्यो पनि ७५ प्रतिशत मात्र । हाल पार्टी राजनीतिबाट वाक्क आएर दिक्क भएको छु, विरक्तिएको छु । उनीहरू देशको लागि होइन पार्टीको लागि हो । हाल म शतप्रतिशत बुद्धको शिक्षा मानिसलाई असल मान्छे बनाउनलाई हो भन्ने पक्षमा छु, बौद्ध बनाउन होइन । "बुद्धको शिक्षा साम्प्रदायिक भावनाबाट मुक्त छु "। मेरो यही धारणा छ ।

## हामी दुबैमा केही असमानता र समानता

उहाँ कट्टर थेरवादी हुनुहुन्छ, जहाँ पनि उपासक-उपासिकाहरूलाई पंचशील प्रार्थना गराउनु हुन्छ । मचाहिं कट्टर थेरवादी होइन ।

उहाँ जन्म दिनमा स्वयम्भू डाँडा (ग:चाहिला) चक्कर लगाई गरीबहरूलाई र अरूलाई दान दिनुहुन्छ । मलाई मेरो जन्मदिन थाहा छैन । जेठ महिनामा जन्मेको मात्र थाहा छ । म धर्मको



Downloaded from http://dhamma.digital

पुस्तक छापेर वितरण गर्दछु । त्यो पैसा दानमा प्राप्त भएको हो । भिक्षु कुमार काश्यप पनि पुस्तक प्रकाशनमा आधी पैसा खर्च गर्नुहुन्छ ।

भिक्षु कुमार काश्यपकहाँ गरीब गुरूवा, असमर्थ आदि आएर पैसा सापटी माग्दा दिनुहुन्छ । तर उहाँ फेरि लिने आशाले दिनुहुन्न । मकहाँ पनि कोहीकोही उपासक पैसा सापटी माग्न आउँछन् । मसँग सापटी दिनलाई पैसा नै पर्याप्त हुँदैन । अरू बाहिरका साथीहरू पनि पैसा माग्न आउँछन् । भए रू पाँच सय, हजार दिने गर्छु । त्यो पनि फिर्ता आउने होइन ।

भिक्षु कुमार काश्यप पुस्तक अनुवाद गर्दाखेरी एकदम इमान्दारी हुनुहुन्छ । जस्तो छ त्यस्तै नै अनुवाद गर्नुहुन्छ । मचाहिँ अनुवाद गर्नमा इमान्दारी छुइनं । भावार्थ मात्र गर्दछु, त्यतिबेला केही अर्थ फरक हुन्छ ।


उहाँ मभन्दा बुढो देखिनुहुन्छ । उहाँको कपाल धेरै पाकेको छ, हिंड्दाखेरी लौरो टेकेर हिंड्नुहुन्छ । तर उहाँकोभन्दा मेरो स्मृति शक्ति कमजोर भएको छ । देख्नेगरी सामान राखेन भने चाहिने बेला बिर्सिन्छ, हराएको ठान्दछु अथवा अरूले लियो होला भन्ने पाप कल्पना हुने गर्छ, यस अर्थमा म उहाँभन्दा बुढो भएँ ।

साथीको कुराले लेख्दा-लेख्दै आफ्नै कुरा धेरै लेखें । यसैले होला अरूले तपाईं नभने पनि मपाईंको कुरा आइहाल्यो । यही त हो मानिसको कमजोरी र स्वार्थीको कुरा ।

(श्रोत : कोण्डन्य, संस्मरण : भिक्षु कुमारकाश्यप महास्थविर, नेपाल लिपि गुथि, ने.सं. ११२४, वि.सं. २०६१)



Downloaded from http://dhamma.digital



# Kumara Bhante - a Symbol of Living Buddhism

**- Prof. Dr. Ganesh B. Mali**

Reverend Acharya Kumara Kasyapa Mahasthavira or Kumara Bhante, as he is popularly known, (Bhante being an honorific term for Buddhist Bhikshus) was born as Asta Man Shakya seventy seven years ago, (1926 A.D.) in a noble Shakya family of Taksar locality in Palpa, Tansen, Nepal. He lost his father Santa Man Shakya when he was a baby, and his mother Tej Laxmi Shakya took him to her maternal home at Bhimsen Tole, Tansen, where he was duly cared for.

In those days, in the Ananda Vihar of Taksar, Tansen, Buddhist religious services were held by Shramanera Sumangala (who was blind) and by some other Bhikshus and



Downloaded from http://dhamma.digital

Anagarikas, Once Bhikshu Prajnananda of Kathmandu visited the Vihar, and Tej Laxmi Shakya, being a highly religious lady devoted to Buddhism expressed her desire to give her only son, Asta Man, in charity for the noble cause of serving Buddhadhamma in Nepal. Surely, it must have been a courageous heroicact on her part to do so, as he was her only son and perhaps in those days a wave of renunciation for the sake of Buddhism was wide spread among the Shakya families of Palpa, Tansen in mid-western Nepal. Later on, she herself became a Buddhist Nun- Anagarika Mudita, lived most of the time in a Vihara at Patan, and at the ripe old age of 75 moved to Tansen, Palpa, where she spent the rest of her life. Bhikshu Prajnananda took with him Asta Man and some others (a boy and two girls) to Kusinagara, India and in 1943 A.D. (1999 B.S.), under the tutorship (Upadhyaya) of Ven. Chandramani Mahasthavira, Asta Man was ordained as Shramanera Kumara, and the others as Shramanera Chunda, Anagarikas Chulanandi and Thulanandi. Shramanera Kumaraaa was then 16 years of age. He lived for about 6 or 7 months of Kusinagara.

After that, for some time Shramanera Kumara devoted himself to Buddhist revival activities at Ananda Kuti Vihara Swayambhu. but, not for long, because the then Hindu rulers, who wear jealous at the rise of Theravada Buddhism in Nepal, expelled eight Shramaneras and Bhikshus from Nepal– Bhikshus Prajnananda, Dhammaloka, Subodhananda, Prajna Rasmi and Shramaneras Kumara, Aggadhamma, Ratna Jyoti and Prajnavamsa.

For about six months after the expulsion, Shramanera Kumara stayed at Kalimpong, where he had to spend somewhat trouble some days, because he was not treated well in that



Downloaded from http://dhamma.digital

place. So from there he moved to Saranatha, near Beneras, India, where he joined Ven. Amritananda and some others from Nepal. At that time, holy relics of Lord Buddha was displayed in Saranatha, the ceremony being called Dhatu-Jatra (Ceremony of Relics). Many Bhikshus from Sri Lanka also participated in that ceremony. They were impressed by the good manners and gentle nature of Shramanera Kumara, and they took him with them to Sri Lanka. There, he was admitted to Vidyalankara Pirivena Study Centre for study of Buddhism. In about five years time Shramanera Kumara completed all requirements and passed the examination for Acharya, and received the honorific title of Acharya from the Pirivena in 1958 A.D. With gleam in his eyes, Kumara Bhante recalls those youthful days at the Pirivena, where young Bhikshus and Shramaneras used to rebel for the cause of the downtrodden and the poor to the extent, that on one occasion, the offended rich donors stoped all help to the Pirivena.

After completion of his studies at the Pirivena, he devoted some time teaching Pariyatti at a Buddhist School in Sri Lanka, From there he moved to Saranatha, Benares, to assist Bhikshu Jagadish Kasyapa in a project work (Pali-publication) of converting Burmese Tripitaka in Pali Language to Devanagari Script.

The ban on to Buddhist Bhikshus was lifted within about two years. Returning to Nepal, Shramanera Kumara, received full ordination (Upasampada), during a festival when the relics of Sariputta and Moggallana, two chief disciples of Buddha, was brought here from Myanmar, taken around the city and displayed. The ordination took place in the Uposathagara (Seema griha) at Ananda Kuti, and under the chief tutorship (Upadhyayato) of Sayadawu Kovida Mahasthavira of



Downloaded from http://dhamma.digital

Myanmar. Shramanera Kumara now became Acharya Bhikshu Kumara Kasyapa.

After that he assisted Ven. Amritananda, then residing at Ananda Kuti Vihara, in his momentous task of compiling and writing a series of books, called the Buddhakalin Series, about the notable persons (Brahmans, Royal personages, women, lay devotees, etc.) that lived during the life and times of Lord Buddha.

Kumara Bhante also taught for about eight or nine years in Yasodhara Vidyalaya at Thaina, Patan. He also instructed the Shramaneras of Sangharama Vihara, near Chhetrapati, Dhalko, Kathmandu, in Griha Vinaya (domestic duties) and other subjects, where Rev. Bhaddiya, Ananda, Shobhita, Saddhatissa, Kolita, Kondanya etc. were then students.

Kumara Bhante recollects with enthusiasm those days, when, as chairperson of Lumbini Development Cooperation Committee, he was actively engaged to collect funds all the way from Swayambhu to Kathmandu. The fund thus raised was later used to establish the Lumbini Development Trust. (Lumbini Vikas Kosh). Ven. Kumara Bhante has also participated in a week-long broadcasting program on Buddhism from Radio Nepal, on the auspicious occasion of Vaisak Purnima, held every year from the year 1956 onwards, often accompanied by Bhikshu Sudarsan Bhante. This program which usually consists of offering of Panchasila, a Buddhist discourse, and one or two devotional songs is continuing till now.

The achievements of Ven. Kumara Kasyapa Mahasthavira in the field of propagation and upliftment of



Downloaded from http://dhamma.digital

Buddhism in Nepal, are too numerous to be mentioned in detail in a brief article like this. Here are some of the more notable ones in brief.

1. Acharya Bhikshu Kumara Kasyapa acted as Superintendent of Ananda Kuti Vidyapith, a Buddhist Boarding School situated in Swayambhu, and also taught moral and Pariyatti Education in that School for a number of years. He also served the School in various other capacities from 1986 to 2001. He also acted as chairperson (two times) of Anandakuti Vihar Guthi,.
2. He has acted as chairperson of a ceremony held every year during Vaisak Poornima, at Ananda Kuti Vihar. Several celebrities- Prime-minister, other ministers, royal personages, ambassadors, etc. participate in the ceremony.
3. Participated in the Sixth Sangayana (Buddhist Congregation) held at Shyam Sannipat in Myanmar, with Ven. Buddhaghosa, Mahasthavira, in 1998 A.D.
4. Acted as Principal Editor/Adviser, of a Buddhist Monthly- Ananda Bhoomi for many years until now.
5. Acted as a judge in a panel of judges in the Buddhist Quiz contest held in Patan and Kathmandu for a number of years until now.
6. He is the chairperson of the Managing Committee of Maitri Sishu Siksha Niketan (a Buddhist School for Children) situated near Kimdol, Swayabhoo.
7. He is also founder-chairperson of Triple-Gems Boarding School and a patron of Nepal Lipi Guthi.
8. He is a life- member of Dharmodaya Sabha from 1956 onwards.
9. Rev. K.K. Mahasthavira has participated in Omoto Religious conference held in Japan (1986 A.D.)



Downloaded from http://dhamma.digital



Similarly, he has been on religious errands to several other countries- Thailand, Myanmar, Singapore, Malaysia, Russia, China, Mongolia, Hong kong, England, Holland, Poland, etc.

Rev. K.K. Mahasthavira is of the opinion that Buddhism is to be lived rather than show it off in volumes of written work. Consequently, he has not published many books. Some of his works are:

1. Aloka Sutra
2. Grihi Pratipatti
3. Buddha, Dharma and Sangha
4. The Economic Policy of Buddha
 (Jointly with Ven. Ashwaghosh)
5. Dasa Paramita (in both Nepali and Nepala Bhasa)

For the noble work of reviewing and upgrading Buddhism in Nepal, Ven. Kumara Kasyapa Mahasthavira has been honored by several Buddhist organizations and agencies with felicitations and titles.



Downloaded from http://dhamma.digital

(a) In 1992, he was honored with the title of Mahasaddhamma Pariyatti Padipa by Vipassana Visodhana Vinyasa of Dhammagiri, Igatapuri, for his noble works of publishing Tripitaka related literature. He was Jeliatated by Kalyan Mitra Satya Narayan Goenka on this occasion on behalf of Vipassana Vishodhana Vinyas.

(b) In 1997, he was felicitated by Maha Chaitya Vihar of Taksar Tole, Palpa, during the golden-jubilee celebration of Jnanamala Bhajan Council. He was also felicitated by Ananda Vihara, Bhimsen Tole, Tansen, where his mother first introduced him to Buddhism.

(c) In 2001, he was offered the honorific title of Vidyalankara Padma Bhoosana, by Vidyalankara Pirivena of Sri Lanka, from where he graduated with the title of Acharya in 1958 A.D.

(d) In 2002, amidst an international gathering, Government of Myanmar honored him with the title of **"Aggamahasaddhammajotikadhaja"** in Saptaparni cave, at Ghabayen, Rangoon. Rev. Udayabhadra accompanied him on that occasion.

At present, Kumara Bhante is residing in Ananda Kuti Vihara, Swayambhu, leading a quiet life, practicing Vipassana mediation and guiding a host of visitors every Saturday morning on Buddhist Meditation.

He attends the invitation for Bhojan (meal) offered by devotees of Kathmandu valley and for Paritrana, too and also attends to the meetings of several Buddhist organizations with which he is associated. He says, he has now few personal wishes left to be fulfilled in the coming years, However, he fervently hopes that his disciples will always be up and doing



Downloaded from http://dhamma.digital

something for the progress and long life of Buddha Sasana in Nepal.

To the young Buddhist generation of Nepal, he has this message to give - "Not to be outwardly showy, but to be firmly rooted in the moral principles of Buddhism and work actively, progressively and systematically for the upliftment of Buddhist literature, culture, and civilization."

He is of the opinion that peace does not bloom forth easily on earth, nor does it descend from heaven, but one has got to cleanse oneself first from impurities of mind before trying to reform others including one's society which in Nepal is now in a rotten state. This, he says, is the need of the hour.

One has got to know oneself first, and examine the truth or validity of one's ideas, belief or sayings, and one has got to view one's ideas also from others' point of view and then work unifedly for the welfare of the society. He quotes the saying of the Buddha in Dhammapada-

**"Attanam ye'va pathamam - patirupe nivasaye"**
**"Atttane'va upakkheyya - katani akatanicha"**

And adds: "One should not seek to destroy others, considering others as oneself. "

He is of the firm opinion that those who call themselves Buddhists should avoid all evil deeds; accomplish all good ones, keeping one's mind free from impurities.

**"Sabba papassa akaranam - kusalassa upasampda,**
**Sachitta pariyodapanam - Yetam Buddhanusasanam"**

As far as is known to the writer of these lines who has had the opportunity of conversing with him while asking for comments on articles on Buddhism, Ven. Kumara Kasyapa Mahasthavira is a plain, simple, straightforward, down to earth,



Downloaded from http://dhamma.digital

रूपैयाँ पनि त्याग गर्ने शक्ति नभएको हुन्छ । गहिरो पोखरीमा गह्रुंगो ढुङ्गा जहिले पनि तलको तलै रहिरहन्छ । त्यो कहिले पनि माथि आउन सक्दैन । त्यस्तै उनीहरूको जीवन पनि माथि उकास्न सकिंदैन ।

२) **पविवेकज्भ्कास** : विवेकशील हुने विचार अर्थात् विवेक प्रीय भएर विवेकमा बस्ने विचार बोधिसत्त्वहरूमा रहन्छ । तब छोराछोरी, आफन्त र जहान परिवार जम्मा गरी त्यसैमा मात्र भुलेर बस्नुमा दोष देख्दछन् । घर, परिषद्को बीचमा बस्ने इच्छा गर्दैनन् । जसरी जेलमा बसेको कैदी जहिले पनि जेलबाट बाहिर निस्कने विचार गर्दछ ,स्वयं आफूलाई पुनः पक्रेर जेलमा राख्न खोज्दा पनि त्यसरी नै बाहिर निस्कन पाउने विचार गर्दछ । त्यसरी नै पविवेकज्भ्कास अभ्यन्तरमा भएका बोधिसत्त्वहरू मानिसहरूका बीच रहे तापनि पविवेकज्भ्कास अभ्यन्तर गति भएको कारणले फेरि विवेक स्थानमा जान विचार गर्दछन् ।

३) **अलोभज्भ्कास** : लोभलाई जित्नु अर्थात् लोभको प्रतिपक्ष विचार । बोधिसत्त्वले लोभको दोष देख्दछन् । अलोभ विचार भएका बोधिसत्त्वहरू भएकाले जुनसुकै वस्तु भए तापनि सजिलै त्याग गर्दछन् । जस्तै छोराछोरी, धन, शरीर, शरीरको अङ्गप्रत्यङ्ग र आत्नो प्राणसमेत परार्थको लागि त्याग गर्दछन्, उत्सर्ग गर्दछन् । अलोभज्भ्कास भएका बोधिसत्त्वहरूका लागि त्याग गर्नु कुनै दुष्कर हुंदैन । बरू स्वभावगत विचारले त्याग नगरी बस्नु मात्र दुष्कर हुन्छ ।

४) **अदोसज्भ्कास** : द्वेषविहीन विचार अर्थात् दोष प्रतिपक्ष विचार । बोधिसत्त्वले द्वेषमा दोष देख्दछन् । उनले सधैं कसरी द्वेष हटाउने भनी उपाय रच्दछन् । आफ्नो जीवनमा हानी गर्नेहरूलाई देख्दा पनि क्रोध गर्दैनन् । बरू मैत्री र करूणा राख्दछन् ।



Downloaded from http://dhamma.digital

५) **अमोहज्झास** : मोहरहित विचार अर्थात् मोहको प्रतिपक्ष विचार । बोधिसत्त्वले मोहको दोष देख्दछन् । कर्तव्याकर्तव्य र असल खराब बझ्दछन् । स्कन्ध, धातु, आयतन भनेको के हो ? यसबारे राम्ररी जान्दछन् ।

६) **निस्सरणज्झास** : संसारदु:खबाट मुक्त हुने विचार । बोधिसत्त्वले भव अर्थात् संसारको दोष देख्दछन् । त्यसैले तृष्णामा भुल्न खोज्दैनन् । उनले तृष्णा नबनाउने उपाय गर्दछन् । विपस्सना भावनामा सदैव ध्यानाकर्षित रहन्छन् ।

## चार सम्पत्ति

**१) इन्द्रिय सम्पत्ति** **२) प्रतिपत्ति**

**३) कौशल्य** **४) अध्याशय**

यी निम्न सम्पत्तिहरू महाबोधिसत्त्वहरूमा मात्र विशेषरूपले हुने गुणधर्म हुन् । यो श्रावकबोधिसत्त्वहरूमा हुंदैन । त्यसैले यस कुरामा हामीले विस्तृत चर्चा गर्नु राम्रों हुनेछ ।

**१) इन्द्रिय सम्पत्ति :**

यी पाँच प्रकारका छन् :-

**क) सद्धिन्द्रिय, ख) वीरियिन्द्रिय ग) सतिन्द्रिय ङ) समाधिन्द्रिय च) पञ्ञिन्द्रिय ।**

(पञ्च-इन्द्रिय : श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा ।)

यी पाँच इन्द्रिय तीक्ष्णरूपले अभिवृद्धि भएको व्यक्ति बोधिसत्त्व हुन्छ । सर्वप्रकारले नै श्रद्धाबल सम्पन्न भएर श्रद्धाले गर्नुपर्ने कर्तव्य निर्दोषरूपले गर्दछन् । साथै बोधिसत्त्वमा कहिले पनि चलश्रद्धा र दुर्बलश्रद्धा हुंदैनन् । कहिले पनि हतोत्साहित हुँदैनन् । वीर्यले



Downloaded from http://dhamma.digital

गर्नुपर्ने कर्तव्य पूर्णरूपले गर्दछन् । दुर्बलवीर्य भएको हुँदैनन् । त्यसरी नै सतिन्द्रिय (स्मृति), समाधिन्द्रिय, पञ्ञिन्द्रिय (प्रज्ञा) पनि बलवान हुन्छन् ।

२) **प्रतिपत्ति सम्पत्ति** : आत्मार्थकामी नभई परार्थ-चर्या गर्नु । बोधिसत्त्वले आफ्नो सुख छोडी अर्काको हितको लागि चर्या गर्दछन् । जुनसुकै हितैषी कार्य गर्दा पनि आशा लिएर वा प्रत्युपकारको भावनाले गर्दैनन् । आफूलाई हानि गर्नेसंग पनि उनको हितैषीभाव रहिरहन्छ । जुनसुकै कुशलकर्म गर्दा पनि फलको आशा लिएर गर्दैनन् । सकल प्राणीहरू दुःखमुक्त गर्नको लागि सर्वज्ञत्वको प्रार्थना गर्दछन् ।

३) **कौशल्य सम्पत्ति** : स्थानोचित योग्य ज्ञान । अर्थात् स्थानोचित प्रज्ञा भएको हुनु । कस्तो मानिससँग कस्तो व्यवहार कुशलता बनाउनुपर्छ । बोधिसत्त्व त्यस कुशलता ज्ञान हुने साथै गम्भीर प्रश्न पनि निराकरण गर्न सक्ने शक्ति भएका हुन्छन् । जुनसुकै दुष्करक्रिया पनि बहुजन हिताय बहुजन सुखाय गर्नको लागि बोधिसत्त्व सदा तत्पर हुन्छन् ।

४) **अध्याशय सम्पत्ति** : पारमी सम्पन्न गर्न महति इच्छा हुनु । बोधिसत्त्वमा त्याग गर्ने शक्ति भएझैं त्याग पनि गरिरहन्छन् । किनकि त्याग नै उनको प्रीतिको कारण हो । त्यसैले बोधिसत्त्व सदा अरूको मनोकामना पुरा कसरी गर्ने भन्ने तर्फ लागेका हुन्छन् ।

## आश्चर्य अद्‌भूत शक्ति

बोधिसत्त्वहरूको आश्चर्य अद्‌भूत शक्ति चार प्रकारका छन् । ती हुन् :-

१. सकल प्राणीहरू आफ्नै परिवारको रूपमा देख्दछन् र त्यस्तै



Downloaded from http://dhamma.digital

व्यवहार गरेर लानसक्ने क्षमता भएको हुन्छ । यो नै प्रथम आश्चर्य हो ।

२. छोराछोरी हुनेहरूको चित्त पुत्रतृष्णाले धमिलिएको हुन्छ । तर बोधिसत्त्वहरू स्वभावधर्मलाई बुझेर कहिले पनि पुत्रतृष्णाले चित्त धमिलाएर बस्दैनन् । यो दोश्रो आश्चर्य हो ।

३. बोधिसत्त्वहरूमा जहिले पनि सत्त्वप्राणीहरूको बहुजन हिताय बहुजन सुखाय गर्ने महान इच्छा पलाइरहने हुन्छ । यो तेश्रो आश्चर्य हो । जसले दिन प्रतिदिन पारमिता बढ्दै जान्छ ।

४. पुण्यस्कन्ध संग्रह गरेका बोधिसत्त्वहरू परजनका लागि गौरव, मान र सत्कार गर्न योग्य हुन्छन् । यो चौथो आश्चर्य हो ।


बोधिसत्त्वहरूले अति दुःखकष्ट सहेर किन पारमिता पुरा गरिराखेका हुन्, के फल प्राप्त गर्न अर्थात् कुन प्रयोजनको लागि हो ? यस बारे विचार गर्न योग्य छ । संक्षिप्तरूपले भन्ने हो भने सम्यक् सम्बुद्धत्व नै पारमिताको फल हो । विस्ताररूपले महापुरूष लक्षण, असिति अनुब्यञ्जन, व्याम प्रभरि जस्ता अनेक गुणसमूहले युक्त भएको रूपकाय सम्पत्ति, दशबल, चार वैशारद्य ज्ञान, षडअसाधारण ज्ञान आदि पारमिता गुणधर्मकै फल हुन् ।

(श्रोत : कोण्डन्य, संस्मरण : भिक्षु कुमारकाश्यप महास्थविर, नेपाल लिपि गुथि, ने.सं. ११२४, वि.सं. २०६१)

◆



Downloaded from http://dhamma.digital



# आचार्य भिक्षु कुमार काश्यप महास्थविर

आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं

| | | |
|---|---|---|
| **माता** | : | तेजलक्ष्मी शाक्य (अनागारिका मूदिता) |
| **पिता** | : | सन्तमान शाक्य |
| **जन्म** | : | वि.सं. १९८३ श्रावण (ने.सं. १०४८ दिल्लागाः ९) |
| **जन्म स्थान** | : | पाल्या, तानसेन |
| **श्रामणेर प्रव्रज्या** | : | वि.सं. १९९९ माघ १२, कुशीनगर |
| **उपसम्पदा दीक्षा** | : | २००८ कार्तिक २८ (आनन्दकुटी विहार, सीमागृह) |
| **उपाधि** | : | त्रिपिटकाचार्य (श्रीलंका)<br>महासद्धम्म परियत्ति प्रदीप (भारत)<br>विद्यालंकार पद्मभूषण (श्रीलंका)<br>अग्गमहासद्धम्मजोतिकधज (म्यानमार) |
| **योगदान** | : | निवर्तमान अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ<br>पूर्व सुपरिवेक्षक, आनन्दकुटी विद्यापीठ<br>पूर्व प्रधान सम्पादक, आनन्दभूमि बौद्ध मासिक<br>पूर्व अध्यक्ष, आनन्दकुटी विहार गुठी<br>संरक्षक, नेपाल लिपि गुथि<br>संरक्षक, आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोष<br>प्रमुख, आनन्दकुटी विहार, स्वयम्भू<br>प्रमुख सल्लाहकार, आनन्दभूमि बौद्ध मासिक |
| **कृति** | : | १) गौतम बुद्ध २) बुद्ध, धर्म व संघ ३) आलवक-सूत्र<br>४) बुद्धया अर्थनीति (संयुक्त) ५) गृही-प्रतिपत्ति,<br>६) दश-पारमिता, ७) गृहस्थ-धर्म |
| **भ्रमण** | : | भारत, श्रीलंका, जापान, बर्मा, थाइलैण्ड, मलेसिया, चीन, सिंगापुर, बेलायत, जर्मनी, मंगोलिया, हङ्कङ्, रसिया आदि |

Downloaded from http://dhamma.digital